'शिक्षित नागरिक
समृद्ध नगर


# बाह्रविसे नगरपालिका

## सिन्धुपाल्चोक

# नगर शिक्षा योजना

## (२०८१-२०९१)

### (परिमार्जित संस्करण- २०८३)




नगर शिक्षा योजना निर्माण कार्यदलबाट
स्वीकृत मितिः **२०८३ असार १८** गते।

नगर शिक्षा समितिबाट
स्वीकृत मितिः **२०८३ असार ११** गते।

# विषय सूचि


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १ | विषय प्रवेश | ३ |
| २ | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | ३ |
| ३ | शिक्षा योजना निर्माणका आधार | ४ |
| ४ | शिक्षा योजना निर्माण प्रक्रिया | ४ |
| ५ | योजनाको लेखाजोखा | ५ |
| ६ | योजनाको दस्तावेजको स्वरूप | ५ |
| | परिच्छेद-१ : परिचय | ६ |
| | परिच्छेद-२ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण | २७ |
| | परिच्छेद-३ : विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्रहरु | ४१ |
| | परिच्छेद-४ : गुणस्तर सुधारका प्रमुख क्षेत्रहरू | ७१ |
| | परिच्छेद-५ : सुशासन, व्यवस्थापन तथा कार्यान्वयन | १०८ |
| | परिच्छेद-६ : लगानी र स्रोत व्यवस्थापन | ११३ |
| | परिच्छेद-७ : अनुगमन तथा मूल्याङ्कन | ११६ |
| | अनुसूचीहरू | १२० |
| | सन्दर्भ सामग्रीहरू | **१२५** |

## १. विषय प्रवेश

नेपालको संविधान २०७२ ले शिक्षा व्यवस्थापन अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापनको मुख्य कार्य स्थानीय सरकारको रहेको नीतिगत व्यवस्था गरेको छ । दिगो विकासका लक्ष्य प्राप्तीका लागि नेपाल सरकारले गरेको प्रतिबद्धता, सोह्रौं आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजनाले लक्षित गरेका उदेश्यहरू हासिल गर्न तीनै तहका सरकारहरूको उत्तिकै दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा सङ्घीय तहबाट योजनाका खाकाहरू उपलब्ध भएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । स्थानीय तहको सरकार गठन भए पश्चात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे अनुरूप क्षेत्रगत रूपमा आवधिक एवं दीर्घकालीन योजनाहरू वनाउने एवं कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएको सन्दर्भमा बाह्रविसे नगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवेश एवं शिक्षा क्षेत्रका सूचकहरूको अवस्था समेतलाई ध्यानमा राखी यो शिक्षा क्षेत्रको योजना तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार संचालन ऐन, परिच्छेद ३ को ११ ९(ज) अनुसार आधारभूत र माध्यामिक शिक्षाको थप व्यवस्थित गर्न २३ वटा अधिकारहरुलाई तोकेको छ । यसका साथै परिच्छेद ६ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने

कुरा उल्लेख भएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० बर्षे नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्यढाँचा विकास गरेको र पालिकाहरुले शिक्षा योजना तयार गर्नको लागि आधार तय गरेको छ। स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ ले पनि शिक्षा योजना निर्माण गर्नु पर्ने व्यवस्थालाई थप सहजीकण गरेको छ । प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न योजना निर्माण आवश्यक छ । सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई व्यवस्थित गरी योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न आवश्यक देखिन्छ ।

## ३. शिक्षा योजना निर्माणका आधार

यो शिक्षा योजना नेपालको संविधान २०७२ को धारा ३१ र राज्यका निति धारा ५१(ज) लाई मूल आधार बनाइ निर्माण गरिएको छ । विद्यालय शिक्षालाई सबल र मजबुत बनाउन स्थानीय सकारलाई जिम्मेवार बनाइएको छ । त्यसैले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ मा गाउँ र नगर स्थानीय तह दफा ११ को २ ज मा शिक्षासम्बन्धी अधिकारको नीतिगत व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावलीलाई समेत ख्याल गरी योजना तर्जुमा गरिएको छ । यसका साथै शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,विद्यालय शिक्षा क्षेत्र योजना , स्थानीय विकास योजनाहरु पनि योजना निर्माणका आधारहरु हुन । शिक्षा क्षेत्रको समग्र विकास र व्यवस्थित पद्धती अबलम्बनका लागि संघीय सरकारले तयार गरेको केही दस्तावेजहरु विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, दीगो विकास लक्ष्य नं ४ राष्ट्रिय प्रारूप, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना २०२३—२०२८,विद्यालय शिक्षामा समता रणनीति,बागमती प्रदेश सरकारको शिक्षा नीति र योजना रहेका छन् । यस्तैगरी स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट, अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षा सम्बन्धी कार्यक्रमहरू, विद्यालय सूधार योजना,विद्यालयगत भए गरेका आयव्यय विवरण लाई योजना निर्माण गर्दा आधारको रुपमा लिइएको छ । योजना निर्माण गर्दा राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८, नगरपालिकाको IEMIS लाई तथ्याङ्कीय आधारको रुपमा लिइएको छ । शिक्षा विकास तथा समन्वय

इकाइ सिन्धुपाल्चोकले प्रकाशन गरेको आ व २०८०/८१ को शैक्षिक सूचना तथा पालिकागत शैक्षिक विवरण लाई पनि सहयोगी दस्तावेजको रुपमा हेरिएको छ ।

## ४. शिक्षा योजना निर्माण प्रक्रिया

- नगर कार्यपालिकाको बैठक
- योजना निर्माण समितिको गठन
- बाह्रविसे नगरको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
- विभिन्न सरोकारवाला सँग छलफल गरी सुझाव सङ्कलन
- योजनाको मस्यौदा तयारी
- मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
- योजनाको अन्तिमीकरण
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
- बाह्रविसे नगरपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ५. योजनाको लेखाजोखा

| क स | लेखाजोखाका पक्ष |
|---|---|
| १ | नेतृत्व तथा सहभागिता |
| २ | पर्याप्तता र सान्दर्भिकता |
| ३ | समता, सक्षमता तथा गुणस्तर |
| ४ | अन्तरसम्बन्ध तथा तादात्म्यता |
| ५ | सम्भाब्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता |
| ६ | स्रोतको प्रबन्ध |
| ७ | संस्थागत क्षमता |
| ८ | कार्यान्वयनमा तत्परता |
| ९ | तथ्याङक विश्लेषण र प्रक्षेपण |
| १० | अनुगमन र प्रतिवेदन |

**६. योजनाको दस्तावेजको स्वरुप**

बाह्रविसे  नगरपालिकाको शिक्षा योजना आठ परिच्छेदमा निर्माण गरिएको छ । पहिलो परिच्छेदमा नगरपालिकाको पृष्ठभूमि, नगरपालिकाको सन्दर्भ सहित वर्तमान अवस्थाको विश्लेषण, शिक्षा क्षेत्रका समस्या तथा चुनौतीको  विश्लेषण तथा अवसरहरु उल्लेख गरिएको  छ । त्यस्तैगरी दोस्रो परिच्छेदमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार, दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइ, बारे मन्थन गरिएको छ । यसैगरी चौथौ परिच्छेदमा शिक्षासँग अन्तरसम्बन्धित विषय तथा क्षेत्र पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि समावेश गरिएको छ । परिच्छेद पाँचमा  पूर्व प्राथमिक शिक्षाअन्तर्गत मन्टेश्वरी कार्यक्रमको सञ्चालन, उच्च शिक्षाको व्यवस्थापन, सामुदायिक वा सार्वजनिक पुस्तकालय र वाचनालयको प्रबन्ध र व्यवस्थापनबारे उल्लेख गरिएको  छ । छैठौं परिच्छेदमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध लगायतलाई समावेश गरिएको छ । परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन तथा परिच्छेघद ८ मा अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई उल्लेख गरिएको छ ।

## परिच्छेद १ परिचय

नेपालको संविधान २०७२ ले  संघीय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन । संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ, राज्य शक्ति एक ठाउँमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरुप बागमती प्रदेश अन्तर्गत पर्ने यस सिन्धुपाल्चोक जिल्लालाई पनि ३ नगरपालिका र ९ गाउँपालिका गरी १२ वटा स्थानीय तहहरुमा  विभाजन गरिएको छ । ३ वटा नगरपालिका मध्ये बाह्रविसे नगरपालिका सिन्धुपाल्चोक जिल्लाको पूर्वी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न नगरपालिका हो । यस नगरपालिकाको पूर्वमा दोलखा जिल्ला, पश्चिममा बलेफी र जुगल गाउँपालिका, उत्तरमा भोटेकोशी गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी गाउँपालिका

पर्दछन् । यो नगरपालिका बागमती प्रदेश अन्तरगत सिन्धुपाल्चोक जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं १ तथा प्रदेश सभा क्षेत्र नं १(क) मा पर्दछ । साविकका गाती, घोर्थली (साविकका १-४ वडा), कर्थली, बाह्रविसे, घुम्थाङ, राम्चे, मानेश्वारा गा.वि.स.को क्षेत्र नै हालको बाह्रविसे नगरपालिका अन्तर्गत पर्दछ । हाल यस नगरपालिका अन्तर्गत ९ वटा वडाहरु रहेका छन।

अनेकौं थुम्का, पहाड र चुचुराहरू रहेको यो नगर हिमाली नगरपालिका अन्तरगत पर्दछ । नेपाल चीन स्थलगत मार्ग जोडिने अरनिको राजमार्ग र यसको दुवै तर्फ फैलिएको वडाहरूको फेदीमा रहेको भोटेकोशी नदी यसको प्राकृतिक पहिचान हो । तिब्बत नेपालका विभिन्न कालखण्डका सम्बन्धहरू सँग नगरपालिकाको ऐतिहासिकता जोडिएको छ। समुन्द्र सतहबाट करिब ५०० मिटर देखी ४००० मिटर सम्मको उचाईको भू-बनोट रहेको यो नगरपालिकाको जनसङ्ख्या २४,१०९ र क्षेत्रफल ९६.७३ वर्ग किलोमिटर रहेको छ ।

नगरपालिकाको हालको कार्यालय रहेको स्थान बाह्रविसे बजारको रूपमा परिचित छ। यस बजारमा पुर्ख्यौली नेवार जातिको बाहुल्यता रहेको छ भने समग्र नगरपालिकाको जनसङ्ख्यामा भने तामाङ जातिको जनसङ्ख्या धेरै छ। ब्राम्हण, क्षेत्री, तामाङ, शेर्पा, गुरुङ, थामी लगायतका जातजाति भाषाभाषी तथा संस्कृति यहाँ पाइन्छ । आदिवासी थामी समुदाय यस नगरपालिकाको लोपोन्मुख जनजाति अन्तरगत पर्दछ । यो नगरपालिका जिल्ला सदरमुकाम चौताराबाट करिब ५८ कि.मि.को दुरीमा रहेको छ । नगरपालिकाका सबै ९ वडा तथा मुख्य वस्तीहरु कच्ची मोटरबाटो र अरनिको राजमार्गसँग जोडिएको छ ।

## ७. १.१. वर्तमान अवस्था

## ८. १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

बाह्रविसे नगरपालिकाको भूभाग समुन्द्र सतहदेखि करिब ५०० मिटर देखि ४००० मिटर सम्मको उचाइमा पर्दछ। यस नगरपालिकाको भूमिको अवस्थालाई हेर्दा धेरै भिरालो तथा कम समथर भूमि रहेको पाइन्छ । नगरपालिकाको भूमिको भिरालोपना ० डिग्रीदेखि ७५ डिग्री सम्म रहेको छ ।
भौगोलिक रूपमा नगरपालिकाको कुल क्षेत्रफल ९६.७३ वर्ग कि.मि. रहेको छ जस मध्ये ५६.३६ वर्ग कि.मि. क्षेत्रफल कृषियोग्य छ भने करिब ४०.३४ वर्ग कि.मि. वन जङ्गलले ओगटेको छ ।

प्राकृतिक सम्पदाको प्रचुरता, उर्वर जमिन तथा सिंचाईको लागि जलस्रोतको उपलब्धता भएकोले यो क्षेत्र कृषि तथा पशुपालनको लागि उपयुक्त स्थल मानिन्छ। यहाँका प्रमुख कृषि उत्पादनको रुपमा धान, तोरी, मकै, कोदो, गहुँ, आलु आदि पर्दछन् ।

नगरपालिकाका अधिकांश वडा तथा बस्तीहरु कम्तिमा कच्ची मोटरबाटोको पहुँचमा छन् । यस नगरपालिकाको वडा नं. ८ र ९ लाई जोड्ने सडक कालोपत्रे गरिएको छ। यहाँका बाँकी वडामा कच्ची मोटरबाटो रहेकोले वर्षायाममा नचल्ने गरेको पाईन्छ । जसले गर्दा मानिसहरुलाई दैनिक आवतजावत र सामानहरु ढुवानी गर्न कष्टकर हुने गरेको छ। बाह्रविसे नगरपालिका कार्यालयबाट वडा सम्मको दुरी, सडकको प्रकार र अवस्था निम्नानुसार छन् :

| वडा नं | दुरी (किमी) | सडकको प्रकार | यातायात चल्ने अवस्था |
|---|---|---|---|
| १ | २५ | कच्ची बाटो | वर्षायाममा आंशिक चल्ने |
| २ | १० | कच्ची बाटो | वर्षायाममा आंशिक चल्ने |
| ३ | ४ | कच्ची बाटो र पक्की बाटो | वर्षायामामा आंशिक चल्ने |
| ४ | १ | कच्ची बाटो र पक्की बाटो | बाह्रैमास चल्ने |
| ५ | ५ | कच्ची बाटो | वर्षायाममा आंशिक चल्ने |
| ६ | २४ | कच्ची बाटो | वर्षायाममा आंशिक चल्ने |
| ७ | १८ | कच्ची बाटो र पक्की बाटो | वर्षायाममा आंशिक चल्ने |
| ८ | ६ | पक्की बाटो | बाह्रैमास चल्ने |
| ९ | ५ | पक्की बाटो | बाह्रैमास चल्ने |

नगरपालिकामा यातायात साधनको उपयोग हेर्दा मोटरसाईकल, बस, जिप, ट्र्याक्टर, माइक्रो बस लगायतका यातायातका साधन दैनिक रूपमा सञ्चालन हुने गरेको पाइन्छ । नगरपालिकामा सार्वजनिक सवारीको प्रयोग सीमित मात्रामा हुने गरेको पाइन्छ । जसमा काठमाडौं उपत्यकाबाट बाह्रविसे सम्म पुग्ने बस र अन्य सवारी साधन नै मुख्य रहेका छन् ।

यस नगरपालिकाका मुख्य धार्मिक तथा पर्यटकीय स्थलका रुपमा ग्याल्वोसाङ्गे गुम्बा, सेल्पु गुम्बा, भुमेस्थान मन्दिर, सेतिदेवी मन्दिर, देवी स्थान मन्दिर, कफेश्वर महादेव मन्दिर, क्षेमादेवी मन्दिर, ह्वाइट स्तुपा, साङ्लामु गुम्बा, इमानुयल चर्च, उर्गेलिङ गुम्बा, यूनेछोईलिङ गुम्बा, सिद्धि महादेव मन्दिर, कुम्भेश्वर महादेव मन्दिर, दुति खडादेवी मन्दिर, उर्गेन छाङ्गाछ्यार्लिङ गुम्बा, निम्लिङ गुम्बा, च्याङ्गर्से गुम्बा, गोरखनाथ उग्रेलिङ गुम्बा,भिमसेनस्थान मन्दिर, टुङटुङ महादेव मन्दिर, भयौली कुन्ड मन्दिर, भुमे मन्दिर, थगाम घ्याङ गुम्बा, कङग्यु र दर्शेलिङ गुम्बा, गोरखनाथ गुम्बा, गुमुलुङ मन्दिर, सातकन्या सेतीदेवी मन्दिर, बाशुकीदेवी मन्दिर, कुन्साङधेछेन्लिङ गुम्बा, भद्रकाली मन्दिर, गोल्मा मन्दिर, सातकन्या माई मन्दिर, दोर्देलिङसामा ङिङ्कमा गुम्बा, कालिका मन्दिर , गोल्मा राजा मन्दिर, बगरे गणेश मन्दिर, छोर्तेन, कुन्दक छ्यौर्लिङ ङिङ्मा गुम्बा, आदि छन् भने पर्यटकीय हिसाबले गौरीशंकर संरक्षण क्षेत्रमा लोपोन्मुख रेडपाण्डा रहेको, मुकरुन्चे, थला डाँडा,बन्देल पोखरी, ओमपार्क, घुँडे आदि रहेका छन् ।

### ९. १.१.२ जनसांङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ अनुसार बाह्रविसे नगरपालिकामा ६,६५५ धुरीको वसोवास रहेको छ । ती घरपरिवार अन्तर्गतको कूल जनसङ्ख्या २४,१०९ रहेको छ (तल तालिका हेर्नुहोस्)। जनघनत्वको हिसाबले वडा नं ४ सबै भन्दा ठूलो वडा हो भने वडा नं. १ मा सबै भन्दा कम घरपरिवार र जनसंख्या रहेको वडा हो। क्षेत्रफलको हिसाबले वडा नं. ७ सबै भन्दा बढी क्षेत्रफल  भएको वडा हो। वडागत जनङ्ख्या, क्षेत्रफल र जनघनत्वको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| वडा नं. | घरधुरी सङ्ख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल वर्ग कि. मि. | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| १ | २०३ | ४१९ | ४११ | ८३० | १२ | ६९.१७ | खामाथाङ, दोलंसा, ठेनासा, च्याङ्गर्सा, मानेडाँडा,नगर्पा र आमादिङ |
| २ | ९६५ | १६६१ | १६५० | ३३११ | २६.१ | १२६.८६ | कर्थली, दुरूम्थली, काभ्रे, बुधेपा र सिम्ले |

| वडा नं. | घरधुरी सङ्ख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल वर्ग कि. मि. | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| ३ | ८३८ | १५६५ | १५८९ | ३१५४ | ६.७७ | ४६५.८८ | बाह्रविसे, खुर्सानीबारी, ठुलोपलाँती, थापागाउँ, धार्पा र थला |
| ४ | ८०८ | १४२८ | १४६३ | २८९१ | ३.७१ | ७७९.२५ | बाह्रविसे बजार, सुनकोशी बजार, पलाँती, बाहुन गाउँ, क्षमादेवी, ओखेनी |
| ५ | ५१४ | ९५३ | ९४५ | १८९८ | ६.४२ | २९५.६४ | जम्बु, सिँगार्चे, कुखुरे, खोराङ, कसेरी, बुकाम, भन्ज्याङ, कल्लेरी |
| ६ | ५२० | ९६४ | ९७० | १९३४ | १२.८२ | १५०.८६ | बसेरी,गाती, मान्द्रा, सोताङ र डाँडाकटेरी |
| ७ | ९४२ | १६८० | १६४२ | ३३२२ | ३६.३८ | ९१.३१ | नागपुजे, घुम्थाङ, थगाम, डाँडागाउँ कोलबारी, देउराली, घलंसा, जम्खोर |
| ८ | ८७५ | १६५६ | १५४२ | ३१९८ | १९.२६ | १६६.०४ | जम्बु, एक्लेबेंसी, खरीबोटे, सुङ्गुरे, नेपालगाउँ, डाँडाखेत, घिमिरेछाप, घुमाङकोट, मानेश्वाँरा, खिपिङ, घुँडे, साङ्बारी, |

| वडा नं. | घरधुरी सङ्ख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल वर्ग कि. मि. | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| ९ | ९९० | १७६३ | १८०८ | ३५७१ | ११.३४ | ३१४.९० | बाह्रविसे बजार, नयाँबजार, पुरानागाउँ, रातामाटा,ठोटनेरी, राम्चे, चुल्ठी, साहुँवेसी, भट्टे, कल्लेरी, गैरीगाउँ |
| जम्मा | ६६५५ | १२०८९ | १२०२० | २४१०९ | १३४.८ | १७८.८५ | |

स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना २०७८ अनुसार बाह्रविसे नगरपालिकामा विभिन्न उमेर समुहको आधारमा जनसंख्याको वर्गीकरण यसप्रकार गरिएको छ ।

| उमेर समुह | जम्मा जनसङ्ख्या | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| ००-०४ | १७९६ | ९३५ | ८६१ | |
| ०५-०९ | १९४० | १००३ | ९३७ | |
| १०-१४ | २०५७ | १०९३ | ९६४ | |
| १५-१९ | २२४५ | ११३० | १११५ | |
| २०-२४ | १९७९ | ९७० | १००९ | |
| २५-२९ | १९०३ | ९१३ | ९९० | |
| ३०-३४ | १६४१ | ७९४ | ८४७ | |
| ३५-३९ | १५६३ | ७३५ | ८२८ | |
| ४०-४४ | १४७२ | ७२४ | ७४८ | |
| ४५-४९ | १३६१ | ६७३ | ६८८ | |
| ५०-५४ | १४५३ | ६९१ | ७६२ | |
| ५५-५९ | १०६३ | ५५५ | ५०८ | |
| ६०-६४ | १०७४ | ५४७ | ५२७ | |
| ६५-६९ | ८८२ | ४६० | ४२२ | |

| उमेर समुह | जम्मा जनसङ्ख्या | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| ७०-७४ | ७६४ | ३५४ | ४१० | |
| ७५-७९ | ४६९ | २३७ | २३२ | |
| ८०-८४ | २७२ | १२७ | १४५ | |
| ८५-८९ | ११९ | ५३ | ६६ | |
| ९०-९४ | ३८ | १४ | २४ | |
| ९५+ | १८ | १२ | ६ | |
| **जम्मा** | २४१०९ | १२०२० | १२०८९ | |

स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग

उमेरका आधारमा बाह्रविसे नगरपालिकाको जनसंख्यालाइ विश्लेषण गर्दा सबै भन्दा बढी जनसंख्या १५ वर्ष देखि १९ बर्ष सम्मको उमेर समूह रहेको छ । जसको जम्मा जनसंख्या २२४५ जना रहेको छ भने जसमा महिलाको जनसंख्या १११५ जना रहेको छ भने पुरुषको जनसंख्या ११३० जना रहेको छ । समग्रमा हेर्दा ५ देखि २९ वर्ष सम्मको जनसंख्या धेरै देखिन्छ । माथिको तालिकालाई हेर्दा बालबालिकाहरु र युवाहरुको जनसंख्या बढी देखिन्छ भने ६५ वर्ष भन्दा बढी उमेरको जनसंख्या कम र युवा अवस्थाको बढी देखिन्छ, जुन भोलिको उत्पादनको लागि उपयोगी हुन्छ भने शिक्षा प्रदान गर्नु पर्ने हिसावले हेर्दा शिक्षालाइ व्यवसायिक, रोजगारमुखी तथा उत्पादनमुखी बनाउन आवश्यक देखिन्छ ।

विभिन्न जाति, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्ने यस नगरपालिकामा मुख्यतया जनजातिको बाहुल्यता रहेको छ । यहाँका अधिकांश मानिसहरु हिन्दू तथा बौद्ध धर्म मान्ने गर्दछन् भने केही क्रिस्चियन र इस्लाम धर्म मान्ने मानिसहरू पनि छन् । यहाँ बसोबास गर्ने अधिकांश मानिसहरु तामाङ जाति भएकोले बौद्ध धर्मावलम्बीको सङ्ख्या बढी रहेको छ । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् ।

यहाँका मानिसहरुले विशेषगरी दशैं, तिहार, ल्होसार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशै, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्रीस्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, छोनाम (न्वागी), कूल-थानी पूजा, संकटा पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, अंग्रेजी नयाँवर्ष, आदि चाडपर्वहरु मनाउने गर्दछन् ।

शिक्षा, स्वास्थ्य, सामाजिक चेतनाको अभिवृद्धि कार्यमा यहाँका विभिन्न क्लब, समुदायमा आधारित संस्था, गैर सरकारी संस्था, उपभोक्ता समिति टोल विकास संस्था क्रियाशील छन् । यहाँका मुख्य चाडपर्वहरु दशैं, तिहार, ल्होसार, तिज, क्रिसमस आदि हुन् ।

#### १०.१.१.३ आर्थिक अवस्था

नगरपालिकाको आर्थिक स्रोतको मूल आधार कृषि, जलविद्युत, पर्यटन र व्यापार हो। यसका अतिरिक्त नोकरी, पशुपालन, ज्याला, मजदुरी पनि आम्दानीका स्रोतहरु हुन् । चीनको खासा सँगको व्यापारिक नाका नजिक हुनाले व्यापारलाई पनि मुख्य आय आर्जनको रुपमा लिईन्छ। हाल आय आर्जनको क्षेत्रमा विविधता आएको पाईन्छ। कतिपय मानिसले सार्वजनीक बस सेवा, ढुवानी सेवा, होटल तथा रेष्टुरेन्ट, चियापसल आदिबाट पनि आर्थिक लाभ लिएको देखिन्छ । व्यापार, वैदेशिक रोजगार, ठेक्कापट्टाबाट पनि यहाँका मानिसहरुले आय आर्जन गर्ने गरेको पाईन्छ।

नगरपालिकाको कुल क्षेत्रफल ९६.७३ वर्ग कि.मि. मध्ये ५६.३६ वर्ग कि.मि. क्षेत्रफल कृषियोग्य छ। जमिनको उत्पादकत्व सबै ठाउँमा समान नभएको कारण सबै घरपरिवारलाई खेतिपातीबाट वर्षभरी खान पुग्दैन। त्यसमा पनि भूमिको वितरण असमान भएकोले कतिपय जमिन बाँझो रहेको छ भने कतिपय परिवारको जग्गा जमिन अत्यन्तै न्यून भएकोले ज्याला मजदुरीमा जीवन यापन गर्न बाध्य छन् । यस नगरपालिकाका युवा जनशक्ति ठूलो संख्यामा वैदेशिक रोजगारमा संलग्न रहेको र यसबाट प्राप्त हुने विप्रेषण पनि यहाँको आर्थिक स्रोतको रुपमा रहेको छ। नगरपालिका भित्र ७ ओटा बैंक र स्थानीय समुदायस्तरमा कारोबार गर्ने ५३ ओटा सहकारी संस्थाहरु रहेका छन् ।

### १.१.४ शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको साक्षरता प्रतिशत ७०.८ रहेको छ । जसमध्ये महिलाको साक्षरता प्रतिशत ६३.९ रहेको छ भने पुरुषको साक्षरता प्रतिशत ७८ रहेको छ । उक्त तथ्याङ्क अनुसार पुरुषको तुलनामा महिला शैक्षिक रुपमा पछाडी रहेको पाइन्छ । तसर्थ विभिन्न साक्षरता कार्यक्रमहरु संचालन गरि पुर्ण साक्षर नगर बनाउन पहल गर्नुपर्ने आवश्यकता रहेको छ । यस नगरपालिकामा जम्मा ५२ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये ४८ वटा सामुदायिक विद्यालयहरु छन् भने ४ वटा संस्थागत विद्यालयहरु छन् । शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार यस नगरपालिकाको समग्र विद्यालयमा शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारी विवरण यसप्रकार रहेका छन् ।

| क्र.सं. | विवरण | जम्मा संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | विद्यालय | ५२ | ४८ | ४ |
| २ | शिक्षक | ३२३ | २४२ | ८१ |
| ३ | विद्यार्थी | ५८२० | ४७४९ | १०७१ |
| ४ | विद्यालय कर्मचारी | ६७ | ५९ | ८ |
| ५ | बालविकास सहजकर्ता | ४१ | ३७ | ४ |
| ६ | मन्टेश्वरी शिक्षक | २८ | २८ | ० |
| ७ | सामुदायिक सिकाइ केन्द्र | २ | २ | ० |
| ८ | त्रि. वि.क्याम्पस | १ | १ | ० |

शैक्षिक सत्र २०८१ को अध्यावधिक तथ्याङ्क अनुसार यस नगरपालिकामा संचालित विद्यालयहरुको कक्षागत विद्यार्थी विवरण यसप्रकार रहेको छ ।

| कक्षा | विद्यार्थी विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | अन्य | |
| बालविकास | ११३२ | ५२२ | ६१० | ० | |
| कक्षा १ | ४९७ | २४० | २५७ | ० | |
| कक्षा २ | ४२२ | २०७ | २१५ | ० | |
| कक्षा ३ | ४१३ | १८८ | २२५ | ० | |
| कक्षा ४ | ३९५ | १९४ | २०१ | ० | |
| कक्षा ५ | ४१४ | २१६ | १९८ | ० | |
| कक्षा ६ | ४२५ | २१६ | २१९ | ० | |
| कक्षा ७ | ४०२ | १८३ | २२३ | ० | |
| कक्षा ८ | ४२३ | १९९ | २२४ | ० | |
| कक्षा ९ | ३९८ | १९४ | २०४ | ० | |
| कक्षा १० | ३३७ | १६१ | १७६ | ० | |
| कक्षा ११ | ३२४ | १७४ | १५० | ० | |
| कक्षा १२ | २३८ | १३४ | १०४ | ० | |
| **जम्मा** | ५८२० | २८४९ | २९७१ | ० | |

श्रोतः शैक्षिक सुचना व्यवस्थापन प्रणाली २०८१

शैक्षिक सूचकहरुको अवस्था:

| विवरण | छात्रछात्रा/ | प्रतिशत |
|---|---|---|
| इसिडिको कुल भर्नादर | छात्रा | ८६८. |
| | छात्र | ९१९. |
| | जम्मा | ८९५. |
| इसिडिको खुद भर्नादर | छात्रा | ६१०. |
| | छात्र | ६४९. |
| | जम्मा | ६३१. |
| | छात्र | ९६६. |
| | जम्मा | ९६२. |
| इसीडी अनुभव सहित कक्षा १ को भर्नादर | छात्रा | ९५६. |
| | छात्र | ९४०. |
| | जम्मा | ९४८. |
| कुल भर्नादर कक्षा १ बाट ५ | छात्रा | ११३४. |
| | छात्र | ११४४. |
| | जम्मा | ११३९. |
| खुद भर्नादर कक्षा १ बाट ५ | छात्रा | ९६१. |
| | छात्र | ९६८. |
| | जम्मा | ९६५. |
| कुल भर्नादर कक्षा १ बाट ८ | छात्रा | ११७५. |
| | छात्र | ११३६. |
| | जम्मा | ११५४. |
| खुद भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९५५. |
| | छात्र | ९६७. |
| | जम्मा | ९६१. |
| कुल भर्नादर कक्षा ९ बाट १० | छात्रा | ९४६. |
| | छात्र | ९२६. |

| विवरण | छात्रछात्रा/ | प्रतिशत |
|---|---|---|
| | जम्मा | ९३५. |
| खुद भर्नादर कक्षा ९ बाट १० | छात्रा | ७४७. |
| | छात्र | ७००. |
| | जम्मा | ७२२. |
| कुल भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ६६१. |
| | छात्र | ५६४. |
| | जम्मा | ६१०. |
| खुद भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ३३७. |
| | छात्र | ३३३. |
| | जम्मा | ३३५. |
| कुल भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ७९६. |
| | छात्र | ७३७. |
| | जम्मा | ७६५. |
| खुद भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ५३१. |
| | छात्र | ५०८. |
| | जम्मा | ५१९. |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८८३. |
| | छात्र | ८६१. |
| | जम्मा | ८७१. |

स्रोतः एकिकृत शैक्षिक व्यवस्थापन प्रणाली २०८०

यस नगरपालिकाको आन्तरिक सक्षमताको अवस्था यसप्रकार रहेको छः

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| शैक्षिक सत्र २०८० अनुसार कक्षागत विद्यार्थी उतीर्ण दर | कक्षा १ | छात्रा | ८२.७ | |
| | | छात्र | ८३१. | |
| | | जम्मा | ८२९. | |
| | कक्षा २ | छात्रा | ८७२. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | ८६६. | |
| | | जम्मा | ८६९. | |
| | कक्षा ३ | छात्रा | ९३७. | |
| | | छात्र | ९१४. | |
| | | जम्मा | ९२५. | |
| | कक्षा ४ | छात्रा | ८९७. | |
| | | छात्र | ९१५. | |
| | | जम्मा | ९०६. | |
| | कक्षा ५ | छात्रा | ९१२. | |
| | | छात्र | ९०२. | |
| | | जम्मा | ९०७. | |
| | कक्षा १५- | छात्रा | ८७४. | |
| | | छात्र | ८६८. | |
| | | जम्मा | ८७१. | |
| | कक्षा ६ | छात्रा | ८९१. | |
| | | छात्र | ८४७. | |
| | | जम्मा | ८६७. | |
| | कक्षा ७ | छात्रा | ९०५. | |
| | | छात्र | ९११. | |
| | | जम्मा | ९०९. | |
| | कक्षा ८ | छात्रा | ९२८. | |
| | | छात्र | ८९४. | |
| | | जम्मा | ९११. | |
| | कक्षा ६८- | छात्रा | ९०८. | |
| | | छात्र | ८८३. | |
| | | जम्मा | ८९५. | |
| | कक्षा ९ | छात्रा | ९२०. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | ८७१. | |
| | | जम्मा | ८९२. | |
| | कक्षा १० | छात्रा | ९८३. | |
| | | छात्र | ९८२. | |
| | | जम्मा | ९८२. | |
| | कक्षा ९१०- | छात्रा | ९५२. | |
| | | छात्र | ९२२. | |
| | | जम्मा | ९३७. | |
| | कक्षा ११ | छात्रा | ८४५. | |
| | | छात्र | ८२९. | |
| | | जम्मा | ८३८. | |
| | कक्षा १२ | छात्रा | १०००. | |
| | | छात्र | १०००. | |
| | | जम्मा | १०००. | |
| | कक्षा ११-१२ | छात्रा | ९३०. | |
| | | छात्र | ९२७. | |
| | | जम्मा | ९२८. | |
| शैक्षिक सत्र २०८० अनुसार कक्षा दोहोर्याउने दर | कक्षा १ | छात्रा | ८८. | |
| | | छात्र | ८८. | |
| | | जम्मा | ८८. | |
| | कक्षा २ | छात्रा | ६६. | |
| | | छात्र | ६९. | |
| | | जम्मा | ६८. | |
| | कक्षा ३ | छात्रा | २४. | |
| | | छात्र | ३१. | |
| | | जम्मा | २८. | |
| | कक्षा ४ | छात्रा | ३५. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | २८. | |
| | | जम्मा | ३२. | |
| | कक्षा ५ | छात्रा | ३७. | |
| | | छात्र | ४६. | |
| | | जम्मा | ४२. | |
| | कक्षा १५- | छात्रा | ६०. | |
| | | छात्र | ६३. | |
| | | जम्मा | ६२. | |
| | कक्षा ६ | छात्रा | १४. | |
| | | छात्र | ४५. | |
| | | जम्मा | ३०. | |
| | कक्षा ७ | छात्रा | ५६. | |
| | | छात्र | २९. | |
| | | जम्मा | ४२. | |
| | कक्षा ८ | छात्रा | २२. | |
| | | छात्र | ४७. | |
| | | जम्मा | ३४. | |
| | कक्षा ६८- | छात्रा | ३०. | |
| | | छात्र | ४०. | |
| | | जम्मा | ३५. | |
| | कक्षा ९ | छात्रा | ०६. | |
| | | छात्र | ६०. | |
| | | जम्मा | ३६. | |
| | कक्षा १० | छात्रा | ००. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ००. | |
| | कक्षा ९१०- | छात्रा | ०३. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | ३२. | |
| | | जम्मा | १८. | |
| | कक्षा ११ | छात्रा | ००. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ००. | |
| | कक्षा १२ | छात्रा | ००. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ००. | |
| | कक्षा ११-१२ | छात्रा | ००. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ००. | |
| शैक्षिक सत्र २०८० अनुसार कक्षा छोड्ने दर | कक्षा १ | छात्रा | ५९. | |
| | | छात्र | ५४. | |
| | | जम्मा | ५७. | |
| | कक्षा २ | छात्रा | ३८. | |
| | | छात्र | ४४. | |
| | | जम्मा | ४१. | |
| | कक्षा ३ | छात्रा | २२. | |
| | | छात्र | ३०. | |
| | | जम्मा | २६. | |
| | कक्षा ४ | छात्रा | ३७. | |
| | | छात्र | ३९. | |
| | | जम्मा | ३८. | |
| | कक्षा ५ | छात्रा | ३१. | |
| | | छात्र | ३२. | |
| | | जम्मा | ३१. | |
| | कक्षा १५- | छात्रा | ३७. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | ४०. | |
| | | जम्मा | ३९. | |
| | कक्षा ६ | छात्रा | ३४. | |
| | | छात्र | ४९. | |
| | | जम्मा | ४२. | |
| | कक्षा ७ | छात्रा | २६. | |
| | | छात्र | ४१. | |
| | | जम्मा | ३३. | |
| | कक्षा ८ | छात्रा | ३४. | |
| | | छात्र | ३७. | |
| | | जम्मा | ३६. | |
| | कक्षा ६८- | छात्रा | ३१. | |
| | | छात्र | ४३. | |
| | | जम्मा | ३७. | |
| | कक्षा ९ | छात्रा | ३७. | |
| | | छात्र | ३५. | |
| | | जम्मा | ३६. | |
| | कक्षा १० | छात्रा | १६. | |
| | | छात्र | १४. | |
| | | जम्मा | १५. | |
| | कक्षा ९१०- | छात्रा | २७. | |
| | | छात्र | २६. | |
| | | जम्मा | २७. | |
| | कक्षा ११ | छात्रा | ०२. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ०१. | |
| | कक्षा १२ | छात्रा | ००. | |

| विवरण | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | छात्र | ००. | |
| | | जम्मा | ००. | |
| | कक्षा ११-१२ | छात्रा | ०१. | |
| | | छात्र | ००. | |
| | | जम्मा | ०१. | |

हाल बाह्रविसे नगरपालिकामा संचालित सामुदायिक विद्यालयहरुको भौतिक अवस्था क्रमश: निम्नानुसार रहेका छन् ।

| सि.न. | विद्यालय भवनको विवरण | एकाइ | विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | संख्या | ४८ | |
| २ | कच्ची भवनः ढुङ्गा, माटो वा ईँटा, माटो | संख्या | ० | |
| ३ | पक्की भवन | संख्या | २५ | |
| ४ | ट्रस भवन | संख्या | २३ | |
| ५ | बाढीको जोखिममा रहेका विद्यालय | संख्या | ६ | |
| ६ | पहिरोको जोखिममा रहेका विद्यालय | संख्या | १६ | |
| ७ | चटयाङ्को जोखिममा रहेका विद्यालय | संख्या | ४८ | |
| ८ | हावाहुरीको जोखिममा रहेका विद्यालय | संख्या | ४८ | |
| ९ | आगलागीको जोखिममा रहेका विद्यालय | संख्या | ४८ | |
| १० | जमिन भासिने जोखिममा रहेका विद्यालय | संख्या | ११ | |
| ११ | विद्यालय जाने बाटो प्रकोपको जोखिममा रहेका विद्यालय | संख्या | ११ | |
| १२ | विपद् जोखिम व्यवस्थापन योजना लागू भएका विद्यालय | संख्या | ४८ | |

यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको प्रकारगत विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

| क्र.स. | किसिम | | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | उच्चमाध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | दरबन्दी शिक्षक | | ९६ | १३ | १० | ११ | १३२ |
| २. | राहत शिक्षक | | ६० | १७ | २१ | ० | ९८ |
| ३. | संघीय अनुदान शिक्षक | | ० | ० | ० | ० | ० |
| ४. | प्रदेश अनुदान शिक्षक | | | | | | |
| ५. | विद्यालय सहायक | ९ | | | | | ९ |
| ६. | कार्यालय सहयोगी | ५३ | | | | | ५३ |
| ५. | बालविकास सहजकर्ता | ३७ | | | | | ३७ |
| ५. | मन्टेश्वरी शिक्षक | २८ | | | | | २८ |
| ४. | नगरपालिका अनुदान | | ६ | ५ | ० | ० | ११ |
| | जम्मा | | १६२ | ३५ | ३१ | ११ | २४१ |

श्रोतः शिक्षक अभिलेख २०८०

११.

### १२.१.२ शिक्षा क्षेत्रका समस्या तथा चुनौतीको विश्लेषण

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रवन्ध गर्नु
- प्रारम्भिक बाल विकास केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु
- सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु
- अभिभावकहरुमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो बृद्धि गर्नु
- प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धि गर्नु

- दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति,विकास, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्न तथा गणित, अंग्रेजी र विज्ञान जस्ता विषय शिक्षकहरुको पदपूर्ति समयमै गर्नु
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरुको भुमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु
- शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा  शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउनु
- स्थानिय पाठ्यक्रममा स्थानीय भाषाको कार्यान्वयन गर्नु

### १३.१.३ शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण (Strength,Weakness,Oppertunities,Threats)

सबैका लागि समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको भर्ना, सहभागि निरन्तरता एवम् सिकाइ उपलब्धी कमजोर हुनु, , तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, स्रोतको न्यूनता हुनु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति

हुन नसक्नु, प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- अभिभावकहरूमा सामुदायिक विद्यालयप्रति विश्वास जगाउन नसक्नु ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु ।
- आशातीत रूपमा सरोकारवालाहरूको सहभागिता र अपनत्व विकास हुन नसक्दा सञ्चालित कार्यक्रम सोचेजति उद्देश्यमूलक र दिगो हुन नसक्नु ।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु ।
- बिशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु ।
- सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु ।
- शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्टरूपमा परिभाषित गर्न नसकिनु ।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु ।
- निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु ।
- सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु ।
- दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको समेत क्षमता अभिबृद्धि गर्न नसक्नु।
- तालिममा सिकेका ज्ञान तथा सीपहरू कक्षाकोठामा न्यून मात्रमा प्रयोग हुनु ।
- शिक्षा दीर्घकालिन रूपमा प्रतिफल दिने क्षेत्र भएको तर सरोकारबालाहरूबाट तत्काल नतिजा खोज्ने प्रवृति कायम रहनु ।
- स्पष्ट जिम्मेबारी तोकी संघीय ऐन नियम नआउँदा तिनै तहका सकारहरूबीच कार्य सम्पादनको क्रममा अन्यौलता कायमै रहनु।
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको पर्याप्त विकास नहुनु ।
- सिकाइ उपलब्धीको स्तरमा कमी हुनु ।
- प्राविधिक शिक्षामा विद्यार्थीको भर्ना कम हुनु ।
- विद्यार्थी र विद्यालय शिक्षकहरुको अनुपात मिलान नहुनु ।

## १.४ अवसर

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन ।

- शिक्षामा लगानीको लागि नगरपालिकाको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको
- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रवन्ध भएको
- नगरपालिकामा शिक्षा क्षेत्रमा गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको
- गुणस्तरीय शिक्षाप्रति अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको
- विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको
- लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बृद्धि भइ रहेको
- प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको
- नगरपालिकाले स्थानीय शिक्षा ऐन र नियमावली निर्माण गरि लागू गरेको
- नगरको आफ्नै स्रोतबाट कक्षा ११-१२ मा निशुल्क पठनपाठन र कक्षा ६-८ मा निशुल्क दिवा खाजाको व्यवस्था गरेको

## परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### १४. २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएको आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माणका क्रममा हाल उपलब्ध भएका निम्न बमोजिमको दस्ताबेजहरु लाई आधार मनिएको छ ।

१. नेपालको संविधान
२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली
३. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)
४. शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,
५. दिगो विकास लक्ष्यको राष्ट्रिय प्रारूप
६. स्थानीय विकास योजना
७. स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट
८. Recovery and Accelerated Learning (ReAL) Plan
९. विद्यालय शिक्षामा समता रणनीति
१०.राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८
११.विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)
१२.अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि ।

### १५. २.२ दीर्घकालिन राष्ट्रिय सोच

"समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालिन सोचका साथ वि सं २०८३ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्नति हुने र २०८७ सम्म दिगो विकासका लक्ष्य प्राप्त गर्दै मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने दीर्घकालिन राष्ट्रिय सोच रहेको छ । त्यस्तैगरी सौंहौं योजनाले स्वस्थ , शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण भन्ने लक्ष्य राखेको छ ।

### १६. २.३ दूरदृष्टि

बाह्रविसे नगरपालिकाको इच्छा  प्रविधिमैत्री, गुणस्तरीय, समावेशी, र संस्कारयुक्त शिक्षा

### १७. २.४ लक्ष्य

सबै बालवालिकामा शिक्षाको पहुँच उपलब्ध गराई प्रविधिमैत्री, गुणस्तरीय, समावेशी र संस्कारयुक्त शिक्षाको सुनिश्चितता गर्ने

### १८. २.५ उद्‌देश्य

निर्धारित लक्ष्य प्राप्तिका निम्ति निम्न उद्देश्यहरु तयार गरिएको छ ।

- विद्यालय उमेरका सबै बालवालिकाहरुको विद्यालय भर्ना सुनिश्चित गर्नु
- नवीनतम प्रविधिको प्रयोग गरि शिक्षण सिकाइलाई व्यवहारिक र जीवन उपयोगी बनाउनु
- विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु र आवश्यकतानुसार पुनर्ताजगी तालिमहरु संचालन गर्नु
- उपयुक्त शैक्षिक पूर्वाधार सहितको बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री वातावरण तयार गर्नु,
- पालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै सीपमुलक तथा रोजगारउन्मुख शैक्षिक जनशक्ति उत्पादन गर्नु,
- सबै खालका बालवालिकाहरुलाई शिक्षाको पहुँच सुनिश्चित गर्नु,
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरि समतामुलक समावेशी र पहुँचयुक्त शिक्षण सिकाइको वातावरण निर्माण गर्नु,
- नैतिक शिक्षा मार्फत विद्यार्थीहरुको सामाजिकीकरणमा सहयोग गर्नु,
- आधारभुत तथा माध्यमिक विद्यालय शिक्षामा समन्यायिक पहुँच विस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु,
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु,
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा सुधार गर्नु,
- विद्यालय ब्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु,
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु,
- अभिभावक शिक्षा तथा सचेतना वृद्धि गर्नु,

### १९.२.६ रणनीति

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै ४ वर्ष उमेर समुहको सबै बालवालिकाको बालविकास शिक्षा सुनिश्चित गर्ने
- शिक्षक दरबन्दि मिलान नियमित गर्दै नपुग शिक्षक भएका विद्यालयमा स्वयमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र गुणस्तरीय बनाउने
- विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै शिक्षा क्षेत्रको बजेट वृद्दि गरी आवश्यकतानुसार विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुदृढीकरण गर्ने
- स्थानीय भाषा, लिपि, संस्कार तथा संस्कृतिजन्य ज्ञान सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्ने
- सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकतानुसार पहुँचयुक्त भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- सिकाइलाई जीवनोपयोगी बनाउनका लागि सीपमूलक र प्राविधिक शिक्षा उपलब्ध गर्न प्राविधिक विद्यालय स्थापना र व्यवस्थापन गर्ने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहारकुशल सीप विकासमा सहजीकरण गर्ने
- स्थानीय सामग्रीको प्रयोग गरी शैक्षिक सामग्रीहरु निर्माण तथा व्यवस्थापन गर्ने
- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने

- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने
- विद्यालयमा गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार हुने
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले पर्याप्त अवसर प्राप्त गरेको हुने
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठनसीप अभिवृद्धि भएको हुने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भइ नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने

### २०.२.७ कार्यनीति

- विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा नगरपालिका स्तरीय सञ्चालन गरीनेछ ।

- विद्यालय जान नसक्ने बालबालिकाहरुको पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि "बालबालिकासँग नगर प्रमुख कार्यक्रम" लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।
- हरेक वडासहित नगरपालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।
- निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी परिचालन गरिनेछ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि नगरपालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।
- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिँदै सिकाइको लागि मुल्याङ्कनका साथै नगरपालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।
- शिक्षण सिकाइ सुधारको लागि हरेक विद्यालय एक एक जना शैक्षणिक नेतृत्वकर्ता तोकि कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षणिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम लागु गरिनेछ ।
- विद्यालय प्र अ को छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय बनाउन निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ ।
- प्रधानाध्यापकहरुले खाईपाई आएको भत्तामा समयानुकुल थप गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास

कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइनेछ ।

- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न नगरपालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल सिकाइ सहजीकरणको ब्यवस्था मिलाइनेछ ।
- अभिभावक तथा समुदाय सचेतीकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।
- वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ ।
- भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबार, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।

### २१.२.८ अपेक्षित उपलब्धि

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुनेछ ।

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ
- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ ।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हु नेछ ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरि माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

२२.२.९. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरु को तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **२३. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८९।५ | ९१ | ९४ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९४.८ | ९५ | ९६ | ९७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | |
| १. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६ | ९८ | ९९ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०८ | १०५ | १०३ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.७ | | स्थानीय | ८९ | ९१ | ९२ | ९८ | | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरु को तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८७.९ | ९०.२ | ९५.५ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १३ | ११ | ९ | ८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६ | ९५ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११२ | १०९ | १०६ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | | स्थानीय | ८१.५ | ८९ | ९१ | ९६ | | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ७८ | ८३ | ८६ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) — आधारभूत (कक्षा १-५) | स्थानीय | ६ | २ | ० | ० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | आधारभूत (कक्षा १-८) | स्थानीय | ३ | २ | १.५ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ३८ | ४० | ४२ | ४५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४3.७ | ४५.० | ५०.० | ५०.० | | |
| २. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | | स्थानीय | ५१ | ५७ | ६२ | ६८ | | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरु को तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ७६ | ७८ | ८४ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७१ | ७५ | ८३ | ८७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ४३ | ४६ | ५१ | ५६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | २२.२२ | २८ | ३१ | ३४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |

| क्र.सं. | सूचक | सूचकहरु को तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६८ | ७२ | ७८ | ८४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.५ | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९५ | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १३ | १५ | १७ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३९ | ३५ | ३० | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक | स्थानीय | १७ | १८ | १९ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | अनुपात (सामुदायिक विद्यालय) | | | | | | | |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३ | २३ | २३ | २३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २८ | २७ | २६ | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **५.** | **शिक्षामा लगानी** | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ५० | ६ | ८ | १० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ६ | ८ | १५ | १५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | ३० | | |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी | स्थानीय | २ | ३ | ५ | ८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | सरकारी खर्च (रू. हजारमा) | | | | | | | |

## परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

देशको समग्र आर्थिक तथा सामाजिक विकास र सामाजिक रूपान्तरणको प्रमुख माध्यम शिक्षा हो । नेपालको संविधान २०७२ ले गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई प्रदान गरेको छ । त्यसै गरी शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि संविधानतः तिन ओटै तहका सरकारलाई जिम्मेवार बनाएको छ । प्रचलित विद्यालय शिक्षा बाहेक स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधि शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायतका शैक्षिक क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई प्रदान गरेको छ ।

उल्लेखित शिक्षाका उप क्षेत्रहरूमा नगरपालिकाको विद्यमान शैक्षिक अवस्थाको विश्लेषण गरिनु अत्यावश्यक हुन्छ । त्यसैगरी विद्यालय शिक्षासँग सम्बन्धित समस्या तथा चुनौतिहरूको बारेमा पनि विश्लेषण हुन आवश्यक छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने पक्ष पनि योजना विकास तथा कार्यान्वयनका क्रममा महत्वपूर्ण हुने गर्छ । योजना निर्माणका क्रममा बाह्रविसे नगरपालिकाका शिक्षाका उपक्षेत्रहरुको अवस्थालाई यस खण्डमा व्याख्या तथा विश्लेषण गर्ने कार्य भएको छ । यसरी गरिएको विश्लेषणका आधारमा योजना अवधिमा कार्यान्वयन गर्नुपर्ने अत्यावश्यक कार्यक्रमका प्रमुख क्षेत्रहरू पहिचान गरी व्यवस्थित गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपाल सरकारले बालविकास र शिक्षाको महत्वलाई आत्म सात गर्दै बालविकास सम्बन्धी राष्ट्रिय रणनीति २०७७—८८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसले गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । तीनै तहका सरकारका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन, बालविकासका कार्यक्रमहरूमा स्पष्टता र एकरुपता कायम गर्न र गुणस्तरीय बाल विकास र शिक्षाको अवस्था सुनिश्चित गर्न यो रणनीति केन्द्रित रहेको छ ।

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी अवसर प्रदान गर्नु पर्छ । बाल बालिकामा बाँच्न पाउने, विकसित हुन पाउने, संरक्षित हुन पाउने, उचित स्याहार तथा शिक्षा पाउने लगायतका विभिन्न अधिकारहरू रहेका हुन्छन् । यी अधिकारहरुको सुनिश्चित गर्ने दायित्व सरकारको हुन्छ । नेपाल सरकार यस प्रति प्रतिबद्ध रहँदै आएको छ ।

नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच तय गरेको छ । यो लक्ष्य हासिल गर्न बालबालिकाको शिक्षा, स्वास्थ्य तथा विकासमा पर्याप्त लगानी गर्नुपर्ने हुन्छ । दिगो विकासको लक्ष्यले पनि बालवालिकाको हक हित तथा विकास र संरक्षणका लागि उचित ध्यान दिएको अवस्था छ । दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन् । हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावली अनुसार ४ वर्ष देखि ५ वर्ष पुरा नहुन्नेलसम्मको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्याख्या गरिएको छ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो उमेर समूह महत्वपूर्ण हुन्छ । हाल समुदायमा र विद्यालयमा आधारित प्रारम्भिक बाल विकास र शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

बाह्रविसे नगरपालिका शिक्षा ऐन, २०७६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति प्रदान गर्ने अधिकार प्रदान गरेको छ । यिनै कानुनी व्यवस्थाका आधारमा व्यवस्थित हुँदै आएको प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरू लाई थप व्यवस्थित गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.१.१ वर्तमान अवस्था

प्राम्भिक बालविकास शिक्षाले आधारभुत तहमा भर्ना हुन जाने बालबालिकामा उपयुक्त शारिरिक, मानसिक , बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने उद्देश्य लिएको हुन्छ । यसै उद्देश्यलाई आत्मसात गर्दै विद्यालय शिक्षाको राष्ट्रिय प्रारुप २०७६ ले चार वर्ष पुगेका बालबालिकाहरुलाई एक वर्षको बालविकास र शिक्षा प्रदान गर्ने निति लिएको छ । यस बाह्रविसे नगरपालिकामा हाल ४८ सामुदायिक र ४ संस्थागत गरि जम्मा ५२ वटा विद्यालय संचालित छन् । जसमध्ये सबै संस्थागत विद्यालयहरुमा बालविकास कक्षा संचालन भएको छ । सामुदायिक विद्यालय तर्फ ११ वटा विद्यालयमा बाल बिकास कक्षा संचालन हुन नसकेको अवस्था छ । नगरपालिकामा नेपाल सरकारबाट अनुदानप्राप्त २४ जना र नगरको आफ्नै स्रोतमा १३ जना बालबिकास शिक्षक तथा नगरकै मन्टेश्वरी कार्यक्रम अन्तर्गत २८ जना गरेर जम्मा ६५ जना बालबिकास शिक्षकहरु कार्यरत छन् ।विद्यार्थी मूल्याङ्कन तथा शैक्षिक सिकाइ क्रियाकलाप जस्ता गतिविधिहरु नियमित रुपमा सञ्चालन गरिएका छन् ।

- कक्षाकोठा सामग्री, बसाइ व्यवस्थापन, पुस्तकालय, सिकाइ कुना प्रभावकारी नभएको ।
- बाल उद्यान र बाल सिकाइ खेल सामग्रीको अभाव रहेको ।
- आधारभूत तालिम प्राप्त सहजकर्ताको अभाव (सबैले तालिम नपाएको) ।
- अभिभावकको सहभागिता र चासोमा कमी ।

- दिवा खाजाको व्यवस्था भएको ।

### ३.१.२ उद्देश्य

प्रारम्भिक वालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु नै यस योजनाको समग्र उद्देश्य हो । विशिष्ट उद्देश्यका रुपमा तपशिल बमोजिम पहिचान गरिएको छ ।

क) प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच सुनिश्चित गर्नु
ख) गुणस्तरीय तथा समावेशी प्रारम्भिक बाल विकास र शिक्षाको व्यवस्था गर्नु
ग) शारीरिक, सामाजिक, संवेगात्मक, र संज्ञानात्मक क्षमताको विकास गर्नु ।
घ) अपाङ्ग मैत्री भौतिक तथा शैक्षिक वातावरणमा कार्यक्रम सञ्चालन गरी प्रारम्भिक बाल विकास र शिक्षाका बालबालिकालाई आधारभूत तह कक्षा एकका लागि तयार गर्नु

### ३.१.३ रणनीति तथा कार्यनीति

- एक विद्यालय एक प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्था सुनिश्चित गर्ने
- प्रारम्भिक बाल विकास केन्द्रमा उपयुक्त बसाइ व्यवस्थापन तथा सिकाई वातावरण विकास गर्ने
- सबै बालविकास केन्द्रमा बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरणको सुनिश्चित गर्ने
- प्रारम्भिक बालविकास केन्द्रहरुमा अपाङ्गमैत्री तथा पहुँचयुक्त सिकाइ सामग्रीको व्यवस्थापन गर्ने
- वार्षिक रूपमा प्रारम्भिक बाल विकास शिक्षामा अध्ययनरत बालबालिकाको कार्यगत सीमितता पहिचानको व्यवस्था गर्ने
- प्रत्येक वाल विकास केन्द्रमा उपयुक्त शैक्षणिक सामग्री सहितको सिकाइ कुना व्यवस्था गर्ने
- सबै बालविकास केन्द्रमा तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने
- अभिभावक सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरी उपयुक्त बाल स्याहार, स्वास्थ्य र सुरक्षित वातावरण सिर्जना गर्ने
- प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी सूचना तथा तथ्याङ्क निरन्तर रूपमा अद्यावधिक गर्ने
- प्रारम्भिक बाल विकास सहजकर्ताको सक्षमता विकास गर्न तालिमको व्यवस्था गर्ने
- नियमित रुपमा अभिभावक शिक्षक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयन गर्ने

- स्थानीय स्रोत र साधनमा आधारित  सिकाइ सामग्रीहरूको व्यवस्था गर्ने
- सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा प्रयोगलाई प्रोत्साहन गर्न

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धी**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुने ।

**नतिजा**

- प्रारम्भिक बालविकास र शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- प्रारम्भिक बालविकास र शिक्षा उमेरका सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुने ।
- प्रारम्भिक बालविकास र शिक्षाको न्यूनतम मापदण्ड पूरा गरेको हुने ।
- सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन भएको हुने

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८५** | **दोस्रो पाँच वर्ष २०९०** | |
| नक्शाङ्कनका आधारमा बालविकास केन्द्रहरूको पुनर्व्यवस्थापन गर्ने | वटा | २५ | २३ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| बालविकास केन्द्रमा बालमैत्री बसाइ व्यवस्थापन गरिने | वटा | २५ | २३ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| पहुँचयुक्तता लेखाजोखा गरी बालविकास केन्द्रको भौतिक | वटा | २३ | २५ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| वातावरणलाई अपाङ्गतामैत्री, बालमैत्री बनाइने | | | | |
| प्रारम्भिक बाल शिक्षा र विकास सम्बन्धी मापदण्ड विकास तथा कार्यान्वयन गरिने | पटक | १ | १ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| प्रारम्भिक बालविकास सहजकर्ताका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिने | सङ्ख्या | २ | २ | नगरपालिका |
| प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुको कार्यगत सीमितता पहिचानका लागि प्रारम्भिक पहिचानको व्यवस्था गरिने | पटक | १ | १ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार |
| प्रारम्भिक बालविकास, स्वास्थ्य र पोषणमा आधारित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | नगरपालिका |
| प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी स्वास्थ्य र सरसफाइ सुधार कार्यक्रम | पटक | १ | १ | नगरपालिका |
| स्थानीय स्रोतमा आधारित प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी सिकाइ सामग्री विकास र व्यवस्थापन | पटक | १ | १ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| कक्षामा सिकाइ कुनाको व्ययवस्थापन | सङ्ख्या | २५ | २३ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षाका बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यालय सङ्ख्या | ४८ | ४८ | नगरपालिका, प्रदेश सरकार,संघीय सरकार र गैसस |
| बालविकास केन्द्र अवलोकन भ्रमण तथा प्रतिवेदन | पटक | नियमित | नियमित | नगरपालिका |
| प्रारम्भिक बाल विकास र शिक्षाका केन्द्रमा प्राथमिक उपचार किटको व्यवस्था | पटक | नियमित | नियमित | नगरपालिका |
| सहजकर्ताहरूका लागि प्राथमिक उपचारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | नगरपालिका, र संघीय सरकार |
| प्रारम्भिक बालविकास र शिक्षामा प्रविधिमैत्री वातावरण विकास | सङ्ख्या | ४८ | ४८ | नगरपालिका, र संघीय सरकार |

## ३.२ आधारभूत शिक्षा

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको हुने उल्लेख गरेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हो । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त र सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ।

### ३.२.१ वर्तमान अवस्था

बाह्रविसे नगरपालिकामा हाल ५२ ओटा विद्यालय सञ्चालनमा रहेका छन् । जसमा आधारभूत तह कक्षा १-५ सञ्चालन भएका ३१ ओटा, कक्षा १-८ सञ्चालन भएका ८ वटा कक्षा ९-१० सञ्चालन भएका ७ वटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयको सङ्ख्या ६ वटा रहेको छ । यसको

कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको तथा बाह्रविसे नगरपालिकाले नगर शिक्षा ऐन तथा नियमावली तयार गरी आधारभूत शिक्षालाई थप व्यवस्थित गर्ने प्रयास गरेको छ । नगरपालिकाले यी ऐन र नियमका आधारमा विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याइरहेको अवस्था छ । बाह्रविसे नगरपालिकाले नेपाल सरकारको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्था अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसबाट आधारभूत शिक्षामा पहुँचमा सुधार हुदै आएको अवस्था भए पनि आधारभूत तहको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न भने थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । त्यस्तै गरी बाह्रविसे नगरपालिकाले आधारभूत तह कक्षा आठसम्म स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरेको छ र पाठ्यपुस्तक भने तयार नभएको अवस्था छ । यिनै परिप्रेक्ष्यमा शिक्षाको दीर्घकालिन योजना निर्माण गरी आधारभूत शिक्षालाई उच्च प्राथमिकता प्रदान गरी शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

**समस्या**

- सबै बालबालिकाकाको शैक्षिक पहुँच सुनिश्चित नहुनु
- आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु
- आधारभूत तहको अन्तसम्म विद्यार्थीलाई टिकाई राख्न नसक्नु
- अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागिता वृद्धि नहुनु
- विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक व्यवस्थापन नहुनु
- विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री नहुनु
- शिक्षकहरू प्रविधिमैत्री शिक्षण सिकाइका लागि तयार नहुनु
- प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु
- विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास नहुनु
- शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु
- विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु
- विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु
- विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु
- विद्यालयका बालबालिकाहरूका लागि बार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफर गर्ने अवस्था नहुनु

- सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु
- विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु
- विद्यालयलाई उत्थानशील बनाउन नसक्नु

**चुनौती**

- सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नु
- आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री र अपाङ्ग मैत्री बनाउनु
- आधारभूत तहमा टिकाउ दर वृद्धि गर्नु
- नक्शाङ्कन तथा जनसङ्ख्याको आधारमा विद्यालयको पुनर्व्यवस्थापन गर्नु
- लैङ्गिक फोकल शिक्षकको व्यवस्थापन गर्नु
- विषय तथा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्नु,
- विद्यालय सुशासनको प्रत्याभूति दिनु,
- सबै विद्यालयलाई उत्थानशील बनाउनु

**अवसर**

- स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको पूर्ण अधिकार हुनु
- स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राख्नु
- शिक्षाको विकासका लगि दीर्घकालिन सोच तथा योजनाका आधारमा अगाडि बढ्ने सोच तथा व्यवहार देखाउनु

### ३.२.२ उद्देश्य

- आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुको न्यूनतम सिकाइ उपलब्धि सहित समतामूलक पहुँच र सहभागिता तथा गुणस्तर सुनिश्चित गर्नु ।
- विविधता अनुकुलको उत्थानशील र जवाफदेही विद्यालय पद्धतिको विकास गर्नु ।
- बालमैत्री, समावेशी र सुरक्षित भौतिक तथा शैक्षिक वातावरण विकास गर्नु ।

### ३.२.३ रणनीति

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| क) अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने | • नक्शाङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनर्व्यवस्थापन गरिनेछ ।<br>• प्रत्येक बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गरिनेछ ।<br>• लक्षित कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका बालबालिका, विपन्न तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरुको अनिवार्य तथा नि:शुल्क शिक्षा पाउने संवैधानिक हक सुनिश्चित गरिनेछ ।<br>• गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याईनेछ ।<br>• उपयुक्त भान्सा कोठा तथा सामग्री भण्डारणको व्यवस्था गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा खुवाउने प्रबन्ध गरिनेछ । |
| ख) आधारभूत शिक्षाको गुणस्तरमा सुधार गर्ने | • गुणस्तर मापदण्डमा आधारित भई सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।<br>• अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिनेछ ।<br>• विद्यालयमा आधारित शिक्षक सहयोग तथा विद्यार्थी सहयोग पद्धति कार्यान्वयन गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।<br>• निरन्तर सिकाइको मूल्याङ्कन तथा नतिजा विश्लेषणका आधारमा उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।<br>• एक विद्यालय एक पुस्तकालयको अवधारणा कार्यान्वयन गरिनेछ ।<br>• एकीकृत पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकास गरिनेछ ।<br>• बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि प्रवर्तनमा आधारित सहकार्यकलाप सञ्चालन गरिनेछ ।<br>• निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज तथा व्यवस्थित गरिनेछ । |

| | |
|---|---|
| | • स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगका लागि विद्यालयलाई जिम्मेवार बनाइनेछ ।<br>• स्थानीय मूल्यमान्यता, परम्परागत प्रविधि लगायतका अन्य विशिष्ट मूल्यहरूको संरक्षण तथा सम्बर्धनका लागि स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| ग) समावेशी तथा सुरक्षित विद्यालय वातावरणमामा शिक्षण सिकाइ सञ्चालन गर्ने | • अपाङ्गता भएका वा सिकाइ सीमितता भएका बालबालिकाको पहिचान (Screening) गरिनेछ ।<br>• सबै विद्यालयमा समावेशी शिक्षण सिकाइका लागि विद्यालय भौतिक संरचना विकास गरिनेछ ।<br>• अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिनेछ ।<br>• विद्यालयका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण कार्य गरी आवश्यकता अनुसार रिफरल सेवा प्रदान गरिनेछ ।<br>• विद्यालयमा आधारित किशोर किशोरी लक्षित यौन, प्रजनन तथा स्वास्थ्य र सरसफाइ सम्बन्धी ज्ञान तथा सीप विकासका लागि स्थानीय स्वास्थ्यकर्मीहरूको परिचालन गरिनेछ ।<br>• विद्यालयमा प्राथमिक उपचार किटको प्रबन्ध गरिनेछ ।<br>• शिक्षकलाई प्राथमिक उपचार किटको उचित प्रयोगको लागि आवश्यक सिप विकास गरिनेछ । |
| घ) आपत्कालिन अवस्थामा सिकाइको निरन्तरता प्रदान गर्ने | • विद्यालयमा आपत्कालिन शिक्षा योजना विकास गरी कार्यान्वयन गरिनेछ ।<br>• आपत्कालिन समयमा सिकाइ निरन्तरता प्रदान गर्न विकसित सिकाइ पोर्टलको प्रयोग तथा अन्य वैकल्पिक सिकाइ विधि अवलम्बन गर्न गैरसरकारी निकायसँग सहकार्य र समन्वय गरिनेछ ।<br>• आपत्कालिन समयमा सिकाइ निरन्तरताका लागि अभिभावक सचेतीकरण गरी सिकाइ वातावरण विकास गरिनेछ । |

| | |
|---|---|
| ङ) शैक्षिक सुशासन कायम गर्ने | • प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ ।<br>• विद्यालयमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिनेछ ।<br>• शिक्षक अभिभावक संघलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सक्रिय बनाइनेछ ।<br>• व्यवस्थापन करारका आधारमा प्रधानाध्यापकको व्यवस्थापन गरी शैक्षिक व्यवस्थापनमा सुधार गरिनेछ ।<br>• विद्यालयको शैक्षिक सूचना व्यवस्थापनलाई थप सुदृढ बनाइनेछ ।<br>• विद्यालय सुधार योजनालाई व्यवस्थित गरी शैक्षिक सुशासन तथा सुव्यवस्था कायम गरिनेछ । |
| च) भौतिक व्यवस्थापन सुधार | • भवन तथा कक्षाकोठाहरुको नियमित मर्मतसम्भार गरिनेछ ।<br>• कक्षाकोठाको लागि न्यूनतम सामग्रीहरुको नियमित व्यवस्था गरिनेछ ।<br>• विद्यार्थी संख्या अनुसार खेलमैदान व्यवस्थापन तथा खेलसामग्री व्यवस्थापन गरिने छ । |

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने

**मूख्य नतिजाहरू**

- आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच भई सहभागी भएको हुने ।
- सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्री र सक्रिय एवम् उत्प्रेरित शिक्षकको व्यवस्था मार्फत बालमैत्री र समावेशी सिकाइ वातावरणमा सिकाइ हुने ।
- पौष्टिक र स्वस्थ्यकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
- आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले अपेक्षित सिकाइ उपलब्धि हासिल गरेको हुने ।

- भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने ।
- विविध प्रकोप, सङ्कट र महामारीको परिस्थिति प्रति विद्यालय शिक्षा प्रणाली उत्थानशील हुने ।
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने ।

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८५ | दोस्रो पाँच वर्ष २०९० | |
| आधारभूत तहको शिक्षाको मापदण्ड विकास | पटक | १ | अध्यावधिक | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विद्यालय नक्शाङ्कन सर्भे सञ्चालन र पुनर्व्यवस्थापन | पटक | १ | अध्यावधिक | नगरपालिका,गैसस |
| आधारभूत तहका विद्यालयको पूर्वाधार विकास (बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री) | सङ्ख्या | २५ | २३ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विद्यालयमा शौचालय तथा खाने पानी निर्माण | सङ्ख्या | ५ | ५ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| मागमा आधारित विज्ञान प्रयोगशाला, पुस्तकालय तथा प्रविधि ल्याव स्थापना निर्माण | सङ्ख्या | ५ | ५ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम सञ्चालन | सङ्ख्या | ४ | ५ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| एकीकृत पाठ्यक्रम तथा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | १ | १ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विषयगत तथा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान | सङ्ख्या | १ | १ | नगरपालिका |
| कक्षाकोठामा बुक र्‍याक निर्माण | सङ्ख्या | १० | १० | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| स्थानीय पाठ्ग्रम परिमार्जन तथा कार्यान्वयन | सङ्ख्या | ४८ | ४८ | नगरपालिका,गैसस |
| परीक्षा स्तरीकरण कार्यक्रम | पटक | १ | १ | नगरपालिका |
| दिवा खाजा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| स्वास्थ्य परीक्षण कायर्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | नगरपालिका,गैसस |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था र शिक्षकलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | नगरपालिका,गैसस |
| स्वास्थ्यकर्मीको परिचालन गरी किशोर किशोरी लक्षित कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | नगरपालिका,गैसस |

| | | | | |
|---|---|---|---|---|
| प्रतिभा प्रस्फुटनमा आधारित सहकार्यकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | नगरपालिका,गैसस |
| सिकाइ उपलब्धी कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका,गैसस |
| स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | नगरपालिका,गैसस |
| विद्यालयमा आधारित सार्वजिनक सुनुवाई कार्यक्रम सञ्चालन | सङ्ख्या | बार्षिक | बार्षिक | नगरपालिका र गैसस |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | नगरपालिका र गैसस |
| विपन्न तथा सीमान्तकृत समुदायका बालबालिका लक्षित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | सङ्ख्या | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन | सङ्ख्या | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विद्यालय सुधार योजना विकास तथा अद्यावधिक | सङ्ख्या | वार्षीक | वार्षीक | नगरपालिका,गैसस र विद्यालय |

### ३.३ माध्यमिक शिक्षा

नेपालको संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गर्नुका साथै विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ । कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा

माध्यमिक शिक्षा हो । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

### ३.३.१ वर्तमान अवस्था

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२१-२०२२ अनुसार माध्यमिक तह कक्षा ९-१२ मा कूल १७,६९,४५५ विद्यार्थी अध्ययन गरिरहेका छन् । जसमध्ये १०,७९,३५२ (६१.०%) जना कक्षा ९-१० मा र बाँकी ६,९०,१०२ (३९.०%) कक्षा ११-१२ मा अध्ययनरत रहेका छन् । छात्राको सहभागिता कक्षा ९-१० मा ४९.४९ प्रतिशत र कक्षा ११-१२ मा ५१.७ प्रतिशत रहेको अवस्था विद्यमान छ । त्यसैगरी लैङ्गिक समता दरको अवस्था कक्षा ९-१० मा १.०१ प्रतिशत र कक्षा ११-१२ मा ०.९३ प्रतिशत रहेको छ । सहजै देखिने भर्ना दरको हकमा कक्षा ९-१० मा ९७.८५ प्रतिशत र कक्षा ११-१२मा ६२.८ प्रतिशत रहेको छ । खुद भर्ना दरको हकमा कक्षा ९-१० मा ७६.०५ प्रतिशत र कक्षा ११-१२ मा ५६ .० प्रतिशत रहेको छ । बाह्रविसे नगरपालिकाको शैक्षिक अवस्था हेर्दा माध्यमिक तहमा कूल १३ विद्यालयमा कूल १३०० विद्यार्थी अध्ययनरत रहेका छन् । जसमा छात्र ६४२ र छात्रा ६५८ जना अध्ययनरत रहेको अवस्था छ । माध्यमिक तहमा सहजै देखिने र खुद भर्ना दर क्रमश:८१,७२ रहेको छ । त्यसै गरी ३.८ प्रतिशत बालबालिकाले विद्यालय छाड्ने गरेको अवस्था छ ।

**समस्या**

- भवन तथा कक्षाकोठा पर्याप्त नहुनु
- सबै विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु
- शौचालयको अवस्था कमजोर हुनु र छात्र/छात्रा/ अपाङ्गमैत्री शौचालयको अभाव हुनु
- खानेपानीको अवस्था कमजोर हुनु र भएकामा पनि बालमैत्री पक्षलाई ध्यान नदिइनु
- विद्यालयमा सूचना र सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक कम्प्युटर ल्याब नहुनु
- विज्ञान प्रयोगशाला नहुनु र भएको पनि उचित मात्रामा प्रयोगमा नआउनु
- सिकाइका लागि पुस्तकालय र आवश्यक पुस्तकहरूको अभाव हुनु
- विद्यार्थीहरुको सिकाइको स्तरिकरण समान नहुनु
- तालिमको प्रभावकारिता कम हुनु
- विद्यालयमा घेरबारको व्यवस्था नहुनु
- विद्यालयका उपयुक्त खेल मैदानको व्यवस्था नहुनु

- प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्थापन प्रभावकारी नहुनु
- माध्यमिक तहमा विषयगत शिक्षकहरू पर्याप्त नहनु
- विद्यालय वातावरण तथा  भौतिक संरचना बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा प्रविधिमैत्री नहनु
- शिक्षकमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि आवश्यक सक्षमता विकास नहुनु
- अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु
- विद्यालयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने पद्दति विकास हुन नसक्नु
- अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समुदायमा बालबालिकाका लागि पर्याप्त छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोगका कार्यक्रमहरू सञ्चालन नहुनु
- विद्यालयमा शैक्षिक व्यवस्थापनको पक्ष कमजोर हुनु

चुनौती

नगरपालिकाका माध्यमिक शिक्षाका प्रमुख शैक्षिक चूनौतीहरू देहायबमोजिम रहेका छन्:

- कक्षा छोड्ने दर कम गराउनु
- नक्शाङ्कनका आधारमा विद्यालयलाई व्यवस्थित गर्नु
- विद्यालय भौतिक संचनामा सुधार गरी  विद्यालयलाई अपाङ्गमैत्री बालमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री बनाउनु
- विद्यालयमा सामाजिक समावेशीकरण र समतामूलक पहुँच सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षामा गुणस्तर सुधार गर्नु
- माध्यमिक शिक्षामा व्यवस्थापन प्रभावकारिता सुनिश्चित गर्नु

अवसर

- विद्यमान ऐन कानुन तथा नियमावलीले माध्यमिक शिक्षाको विकासका लागि कार्यक्रम तय गरी कार्यान्वयनमा जाने पर्याप्त कानुनी आधार हुनु
- नगर शिक्षा ऐन कानुन तथा नियमावली निर्माण भइ कार्यान्वयन हुनु
- स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि वृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिवद्धता जाहेर गर्नु
- कक्षा ९ देखी १२ सम्म नगरपालिकाको आफ्नै स्रोतबाट निशुल्क शिक्षा संचालन हुनु
- शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकालाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास हुँदै जानु

### ३.३.२ उद्देश्य

- माध्यमिक शिक्षाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु
- माध्यमिक शिक्षामा अभिभावको शैक्षिक सहभागिता अभिवृद्धि गर्नु
- शैक्षिक व्यवस्थापनमा सुधार गर्नु
- सुरक्षित विद्यालय वातावरणमा प्रविधिमा आधारित सिकाइलाई संस्थागत गरी विपत्तथा संकटपूर्ण अवस्थामा शैक्षिक निरन्तरता प्रदान गर्नु
- माध्यमिक शिक्षाको कक्षा छाड्ने दर घटाई टिकाउ दर तथा सिकाइ उपलब्धिस्तर बढाउनु

### ३.३.३ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | • नक्शाङ्कनका आधारमा विद्यालयको पुनर््व्यवस्थापन गरिनेछ ।<br>• सबै बालबालिकालाई समावेशी तथा गुणस्तरीय माध्यमिक शिक्षाको पहुँच र अवसर सुनिश्चित गरिनेछ ।.<br>• विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ ।<br>• साधारण माध्यमिक शिक्षाको धारमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्भाव्यताका आधारमा विस्तार गरिनेछ ।<br>• अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गरिनेछ ।<br>• अपाङ्गता भएका, गरीब तथा विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई निशुल्क पोशाक, शैक्षिक सामग्री सहयोग उपलब्ध गराइ माध्यमिक शिक्षाको शैक्षिक अवसर सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| ख) सहजकारी सिकाइ वातवारणमा शिक्षाको गुणस्तर सुधार गर्ने | • विद्यालयमा न्यूनतम सिकाइ वातावरण तयार गर्न आवश्यक भौतिक संरचनाको विकास गरिनेछ ।<br>• विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, प्रवधिमैत्री र उत्थानशील बनाइने छ ।<br>• उपचारात्मक शिक्षण सिकाइको अवलम्बन गरी सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।<br>• विद्यालयमा विज्ञान, सूचना र सञ्चार प्रविधि सम्बन्धी प्रयोगशाला विकास गरिनेछ ।<br>• विद्यालयमा भय तथा विभेद रहित, सुरक्षित र जोखिममुक्त शैक्षिक वातावरण निर्माण गरिने छ ।<br>• प्रभावकारी शिक्षक व्यवस्थापन, आवश्यकता तथा सक्षमतामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• छात्राका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ र स्वास्थ्यकर्मी परिचालन गरी किशोर किशोरीलाई स्वास्थ्य, सरसफाइ तथा प्रजनन् स्वास्थ्य र सुरक्षित व्यवहारका बारेमा सचेतीकरण गरिनेछ ।<br>• विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षण सिकाइका आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ ।<br>• शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिनेछ । |

| | |
|---|---|
| | • सिकाइ मूल्याङ्कनलाई भरपर्दो र व्यावहारिक बनाइनेछ ।<br>• विद्यालयको भौतिक संचनालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री र उत्थानशील बनाइनेछ ।<br>• विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ । |
| ग) शैक्षिक व्यवस्थापनलाई जिम्मेवार र जवाफदेही बनाउने | • अनलाइन र अफलाइन पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरी विपत्मा पनि शिक्षण कार्यलाई निरन्तरता प्रदान गरिने छ ।<br>• शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित बनाउन शिक्षकलाई प्रोत्साहन गरिनेछ ।<br>• विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रम विकास तथा सञ्चालनमा प्राथमिकता प्रदान गरिनेछ ।<br>• विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक तथ्याङ्क तयार गरी तथ्याङ्कमा आधारित शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ।<br>• विद्यालयमा नियमित रूपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• विद्यार्थी प्रगति प्रतिवेदनको व्यवस्था गरी शिक्षक तथा अभिभावकलाई सिकारुको सिकाइप्रति जिम्मेवार बनाइने छ ।<br>• शिक्षक प्रोत्साहन कार्यक्रमका आधारमा प्रभावकारी शिक्षण सिकाइप्रति आकर्षित गरिनेछ । |

| | |
|---|---|
| घ) शैक्षिक विकास तथा सिकाइ सुधारमा अभिभावकको सक्रियता अभिवृद्धि गर्ने | • नियमित रूपमा विद्यालय अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरी शैक्षिक गतिविधिमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ । |

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन तथा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने

**नतिजा**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्वत भई सिकाइ उपलब्धि स्तरमा वृद्धि हुने ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने ।
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील हुने ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने ।
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने ।

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | समन्वय र साझेदारी |
|---|---|---|---|

| | | पहिलो पाँच वर्ष २०८५ | दोस्रो पाँच वर्ष २०९० | |
|---|---|---|---|---|
| विद्यालय नक्साङ्कन र नक्शाङ्कनका आधारमा पुनर्समायोजन तथा व्यवस्थापन | पटक | १ | १ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| न्यूनतम सिकाइ मापदण्डमा आधारित कार्यक्रम विकास | पटक | १ | १ | नगरपालिका |
| अपाङ्गता मैत्री बालमैत्री लैङ्गिकमैत्री र प्रविधिमैत्री उत्थानशील भौतिक पूर्वाधार विकास | सङ्ख्या | ४ | ५ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | नगरपालिका |
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विज्ञान तथा सूचना सञ्चार र प्रविधिमा आधारित प्रयोगशाला विकास कार्यक्रम | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| सूचना सञ्चार प्रविधिमा आधारित सक्षमता विकाका लागि शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध | सङ्ख्या | ४ | ५ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| कक्षाकोठामा वुक र्याक निर्माण | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | सङ्ख्या | निरन्तर | निरन्तर | स्थानिय सरकार |
| एक विद्यालय एक पुस्तकालय कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| गरीब तथा विपन्न र अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सहयोग | सङ्ख्या | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| सिकाइ वातावरण सुधार(विद्यालय घेरावार, सुरक्षित शौचालय तथा खानेपानीको व्यवस्था) कार्यक्रम | सङ्ख्या | ५ | ४ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | निरन्तर | निरन्तर | संघ, प्रदेश,स्थानिय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| स्वास्थ्यकर्मी बाट यौन तथा प्रजनन् स्वास्थ्य, व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | विद्यालय | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |
| विपत् प्रतिकार्य योजना विकास र कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | नगरपालिका,प्रदेश सरकार,संघीय सरकार र गैसस |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तथा तालिम

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातीका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । सीपयुक्त जनशक्ति मार्फत एकातिर राष्ट्रको विकास सम्भव छ भने अर्कोतिर रोजगारी,स्वरोजगारी र आय आर्जनका दृष्टिले समेत प्राविधिक जनशक्तिको भुमिका अग्रस्थानमा देखिन्छ । आधारभुत,मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने , सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक निकायहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरुको बिस्तार गर्ने मूल उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो ।

### ३.४ .१ वर्तमान अवस्था

वर्तमान शिक्षाको ढाँचाले औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षालाई दुई प्रकार र पद्दतिबाट विकास गरेको छ । पहिलो साधारण माध्यमिक विद्यालयमा आधारित प्राविधिक शिक्षा रहेको छ । यसमा साधारण धारका सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित पाठ्यक्रम अनुसार माध्यमिक शिक्षा सञ्चालन गर्ने गरिएको छ । यस अन्तरगत हाल विभिन्न विद्यालयहरू सञ्चालन हुँदै आएका छन् । दोस्रो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद बाट सञ्चालित प्राविधिक शिक्षालयमा आधारित शिक्षा रहेको छ । यसमा प्रि डिप्लोमा र डिप्लोमाका पाठ्यक्रममा आधारित शैक्षिक कार्याक्रम सञ्चालन तथा व्यवस्थापन हुने गरेको छ । यसको व्यवस्थापन प्राविधिक शिक्षा तथा व्यावसायिक परिषदबाट हुँदै आएको छ । यस नगरपालिकामा हाल एउटा

विद्यालयमा इन्जिनियरिङ तर्फको प्रि डिप्लोमा कार्यक्रम संचालन भएको छ । अन्य विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक धार तर्फका कक्षाहरु संचालन हुन सकेको छैन ।

**समस्या र चुनौतीहरू**

१. नगरपालिकाभित्र हालसम्म विद्यालय तहमा (कक्षा ९-१२) प्राविधिक धारको कक्षा संचालन हुन नसक्नु।
२. प्राविधिक शिक्षा तर्फ अभिभावकको चासो भएता पनि विद्यार्थीमा रुचि, क्षमता नहुनाले संचालित प्रि डिप्लोमा तहको कक्षा पनि कोटा पूरा हुन नसकि बन्द हुनु ।
३. कक्षा ९-१२ मा कठिन पाठ्यक्रम भएकोले मध्ययम तथा सामान्य सिकाइ क्षमता भएका बालबालिकाहरु भर्ना हुन कठिन भएको
४. दक्ष प्रशिक्षकहरुको अभावमा अपेक्षित उपलिब्ध हासिल गर्न कठिन
५. सरकारले निर्धारण गरेको तलब भत्तामा प्रशिक्षक उपलब्ध नहुनु
६. प्राविधिक शिक्षा बढी प्रयोगात्मक क्रियाकलापमुखी हुनु पर्नेमा सैद्धान्तिक भएको ।
७. दीर्घकालिन सञ्चालन का लागि आर्थिक सुनिश्चितता नहुनु ।(व्यवस्थापन)
८. साधारण शिक्षा भन्दा प्राविधिक शिक्षा मँहगो हुनु ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको पहुँच सुनिश्चित गर्नु
२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गुणस्तर अभिवृद्धि गर्नु
३. स्थानीय तहमा सीपमूलक रोजगारीका अवसर वृद्धि गर्नु
४. पढ्दै कमाउँदै कार्यक्रमलाई कार्यान्वयन गर्नु
५. एक पालिका , एक प्राविधिक विद्यालय कार्यक्रम सञ्चालन गर्नु ।

### ३.४.३ रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका | • नक्शाङ्कनका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि विद्यालय तथा शिक्षालयको विस्तार गरिनेछ |

| | | |
|---|---|---|
| | समतामूलक अवसर सुनिश्चित गर्ने | • प्राविधिक विद्यालयको भौतिक पूर्वाधार विकास गरिनेछ.<br>• नगरपालिकामा एक वहुप्राविधिक शिक्षालय सञ्चालन गरिनेछ<br>• स्थानीय उद्योग तथा यससँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्यमा प्राविधिक शिक्षा तथा व्यवसियक सीप विकासको अवसर वृद्धि गरिनेछ ।<br>• दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ<br>• अनौपचारिक रूपमा हासिल ज्ञान तथा सीप प्रमाणीकरण गरी समकक्षता प्रदान गर्न प्रदेश तथा स ंघ सरकारसँग समन्वय गरी पर ीक्षण तथा प्रमाणीकरण गरने छ । |
| ख) | प्राविधिक शिक्षा तथा व्यावसियक सिपको गुणस्तर अभिवृद्धि गर्ने | • प्राविधिक धार सञ्चालन भएका साधारण विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण निर्माण गरिनेछ ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर सुधारका लागि प्रयोगशाला कक्ष विकास गरिनेछ ।<br>• प्राविधिक धारमा कार्यरत प्रशिक्षकहरूको क्षमता विकास गरी प्रभावकारी शिक्षण सिकाइका लागि थप सहजीकरण गरिनेछ ।<br>• शिक्षण सिकाइ प्रक्रियालाई आइसिटीमा आवद्ध गरी आधुनिकीकरण गरिनेछ । |
| ग) | सिपयुक्त रोजगारमूलक एवम् प्रतिस्पर्धि जनशक्ति तयार गर्न विद्यालयमा आधारित सिप विकासका अवसर सिर्जना गर्ने | • मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरिनेछ ।<br>• स्वरोजगारमुखी जनशक्ति विकासका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• निजी क्षेत्रसँगको सहकार्यमा विद्यालय तथा समुदायमा आधारित सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गरिनेछ । |

| | |
|---|---|
| घ) पढ्दै कमाउँदै कार्यक्रमलाई कार्यान्वयन गर्ने | • विद्यालयलाई पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक सहायता उपलब्ध गराउने ।<br>• विद्यार्थीमा बचत गर्ने र बचतलाई लगानी गर्न प्रोत्साहित गर्ने ।<br>• बजार व्यवस्थापनलाई सहजीकरण गर्ने ।<br>• व्यवसायिक सीप भएका जनशक्ति नियुक्ति गर्ने । |

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

क प्रमुख उपलब्धि

१. विद्यार्थीहरुमा रोजगारी , उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।

२. विद्यार्थीहरुमा गरि खाने शिक्षा सहित जीवनपयोगी सीप एवम् व्यवहारकुशल सीप हासिल भएको हुनेछ ।

३. विद्यार्थी एवम् घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ ।

४. स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणीकरण हुनेछ ।

ख नतिजा

१. थप बहुप्राविधिक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको सञ्चालन हुने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने

४. परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन हुने

५. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने

६. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने

७. उत्पादनशील रोजगारी, स्वरोजगारी र जिविकोपार्जका अवसरमा वृद्धि हुने

८. आफ्नै घर आँगनमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको अवसर प्राप्त हुनेछ ।

९. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाई सामग्रीको खाँचो पूरा हुनेछ ।

१०. पढ्दै कमाउदै कार्यक्रमबाट आम्दानी र खर्चको आधारमा बचत गर्ने बानीको विकास हुनेछ ।

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८५ | दोस्रो पाँच वर्ष २०९० | |
| प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासका लागि नगरस्तरीय नक्शाङ्कन कार्य सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| विद्यालयको भौतिक पूर्वाधार विकास | सङ्ख्या | १ | | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| प्राविधिक धारमा कार्यरत प्रशिक्षकको पेसागत विकास तालिम सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| सीमान्तकृत दलित, अति विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रम विकास र कार्यान्वयन | सङ्ख्या | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| विद्यालयमा आधारित सीप विकास कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | नगरपालिका |
| सूचना,सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशाला निर्माण | सङ्ख्या | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| गरीब तथा जेहन्दार छात्रवृत्ति कार्यक्रम | सङ्ख्या | २ | २ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| बहुप्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा छोटो अवधिका सीपमूलक एवं स्वरोजगारमूलक तालिम सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| सिप परीक्षण कार्यका लागि सहजीकरण | पटक | निरन्तर | निरन्तर | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |
| परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | नगरपालिका, प्रदेश,संघीय सरकार र गैसस |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिरको जीवन पर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

### ३.५.१ वर्तमान अवस्था

औपचारिक सिकाइको पहुँच बाहिर रहेका व्यक्तिलाई जीवनपर्यन्त सिकाइको लागि सामुदायिक सिकाइ केन्द्र स्थापना गरी साक्षरता तथा निरन्तर सिकाएको अवसर प्रदान गर्ने व्यवस्था भएको छ । यस बाहविसे नगरपालिकामा दुईवटा सामुदायिक सिकाइ केन्द्र रहेका छन । स्थानीय सरकार सञ्चालन

ऐन, २०७४ मा वाचनालय, पुस्तकालय, Digital literacy, वैकल्पिक शिक्षा, खुल्ला सिकाइको व्यवस्थापन गर्ने क्षेत्राधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ ।

सामुदायिक सिकाइ केन्द्रले साक्षरता तथा निरन्तर सिकाइका अवसरहरु प्रदान गर्न विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । वि सं २०६५/६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान अन्तरगत यस नगरपालिकामा पर्ने तत्कालीन सबै गाविसहरुलाई साक्षर गाविस घोषणा गरीएको थियो । तर तत्पश्चात हाल साक्षरतालाई डिजिटल सीप र उत्पादनमा समेत जोडेर औपचारिक शिक्षाबाट बन्चित भएकाहरुका लागि अनौपचारिक र खुला तथा वैकल्पिक शिक्षा एवम् साक्षरहरुका लागि साक्षरोत्तर कक्षा संचालन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा भएका सामुदायिक सिकाइ केन्द्रहरुलाई आवश्यकता अनुसार स्थानान्तरण गरी, सचेतना, जागरण, साक्षरता, सीपमूलक कार्यक्रम माफर्त ज्ञानमा आधारित समाज तथा अर्थतन्त्र निर्माण गर्न सकिन्छ।

**समस्या तथा चुनौतीहरु**

(क) पूर्ण साक्षरता घोषणा भए पनि पूर्ण साक्षरता दर कायम राख्न निरन्तर शिक्षाकालागि कार्यक्रम नभएको ।

(ख) वाचनालय, पुस्तकालय, वैकल्पिक शिक्षा तथा खुल्ला सिकाइको व्यवस्था नभएको ।

(ग) Digital Literacy का कार्यक्रमहरु नरहेको ।

(घ) अनौपचारिक शिक्षाले जीविकोपार्जनसँग सम्बन्धित ज्ञान तथा सीप दिन नसकेको ।

### ३.५.२ उद्देश्य

(क) व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित अवश्यकताहरूको परिपूर्ति गर्न निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु

(ख) सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु

(ग) सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु

(घ) औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षाका बीच अन्तरसम्बन्ध स्थापित गर्नु

### ३.५.३ रणनीति तथा कार्यनिती

| रणनीति | कार्यनीति |
|---|---|
| क) जीवनपर्यन्त सिकाइको निरन्तरता दिने | १.१ नगरपालिकाको साक्षर र निरक्षर जनसँख्या अध्यावधिक गर्न |

| | |
|---|---|
| | १.२ गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरि आवश्यकताको आधारमा साक्षरता तथा साक्षारोत्तर कार्यक्रम संचालन गरिनेछ<br>१.३ समुदायमा साक्षरता कार्यक्रम, जीविकोपार्जन सम्बन्धी सिप विकास, आयमूलक कार्यक्रम सञ्चालन गर्ने |
| ख) सामुदायिक सिकाइ केन्द्रको संस्थागत सुद्धृढीकरण गर्ने । | २.१ सामुदायिक सिकाइ केन्द्रमा कार्यरत कर्मचरी तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गरिनेछ<br>२.२ सामुदायिक सिकाइ केन्द्रको भौतिक तथा शैक्षिक सामग्रीको उचित व्यवस्थापन गरिनेछ<br>२.३ प्रचारप्रसार तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ<br>२.४ नक्शाङ्कनका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई स्थानान्तरण गरिनेछ |

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क उपलब्धी**

सबैका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित हुने

**ख नतिजा**

(क) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

(ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने, सिकारूको आवश्यकतानुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने

(ग) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने

**ग क्रियाकलाप**

- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन
- सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक पुस्तकालय सञ्चालन
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण
- सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य

- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | गतिविधिहरु | लक्ष्य | वि. स. | | | | | | गतिविधिहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | जम्मा २०८१-२०९० | |
| १ | सार्वजनिक पुस्तकालय सञ्चालन | २ | | | १ | | १ | | छलफल र योजना निर्माण |
| २ | निरक्षर जनसंख्यालाइ साक्षरता कक्षा सञ्चालन | | | | निरन्तर | | | | सामुदायिक सिकाई केन्द्रलाई परीचालन |
| ३ | सिकाइ केन्द्रहरुलाई अनुदान | निरन्तर | | | | | | | निकासा दिने |
| ४ | विद्यालय आउन नसक्ने बालबालिकाहरुका लागि सिकाइ केन्द्रहरु मार्फत कक्षा सञ्चालन | निरन्तर | | | | | | | सामदायिक सिकाई केन्द्रलाई परिचालन |

## परिच्छेद-४ गुणस्तर सुधारका प्रमुख क्षेत्रहरु

### ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूची रहेको र उक्त सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख रहेको, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ , नियमावली २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ लगायतमा विद्यालय शिक्षाको सम्बन्धमा स्थानीय तहले गर्नुपर्ने दायित्वहरूको कार्यन्वयन गर्नुपर्ने हुन्छ ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ नै नेपालको विद्यालय शिक्षा सम्बन्धि मूल दस्तावेज हो । यसले पाठ्यक्रम कार्यन्वयनमा तीनै तहको सरकारको भूमिकालाइ स्पष्ट पारिएको छ । यस प्रारुप अनुसार कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री ( मातृभाषा समेत ) को निर्माण गर्ने , स्वीकृत गर्ने र कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको दायित्वभित्र पर्छ । ऐच्छिक विषयहरू स्थानीय तहको समन्वय र सहजीकरमा विद्यालयले छनोट गर्ने, अभिभावक र विद्यालयको परामर्शमा मातृभाषामा पठनपाठनको व्यवस्था स्थानीय तहले गर्ने , स्वीकृत पाठ्यपुस्तकको सुनिश्चितता स्थानीय तहले गर्ने, तथा आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन व्यवस्थापन गर्ने जस्ता जिम्मेवारी स्थानीय तहको जिम्मेवारी क्षेत्रभित्रका कुराहरू हुन् । यसर्थ बाह्रविसे नगरपालिकाले आफ्नो क्षेत्र भित्रको विद्यालयहरुमा ऐच्छिक विषय छनोटमा विद्यालयहरूलाइ सहजीकरण गर्ने, सबै विद्यालयमा स्वीकृत पाठ्यपुस्तकको सुनिश्चिता गर्ने, बाह्रविसे नगरपालिका स्तरीय आधारभुत परीक्षा सञ्चालन र संचालन र व्यवस्थापन गर्ने , स्थानीय पाठ्यक्रम निर्माण गर्ने, स्वीकृत गर्ने, कार्यान्वयन गर्ने लगायत स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री निर्माण गर्ने, वितरण गर्ने लगायतका पाठ्यक्रम, पाठ्यसामग्री , सम्बद्ध कार्यहरु गर्नुपर्ने जिम्मेवारी रहेको छ ।

#### ४.१.१ वर्तमान अवस्था

हाल कक्षा १-३ मा एकीकृत पाठ्यक्रम, आधारभूत पाठ्यक्रम कक्षा ४-५, आधारभूत पाठ्यक्रम कक्षा ६-८,माध्यमिक पाठ्यक्रम कक्षा ९-१० र माध्यमिक पाठ्यक्रम कक्षा ९-१२ कार्यान्वयनमा रहेका छन् । यी पाठ्यक्रमहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बाट व्यवस्थित गरिएका हुन् । हालको व्यवस्था अनुसार आधारभूत तह कक्षा १-८ मा एक विषय स्थानीय पाठ्यक्रमको विकास गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ । हाल बाह्रविसे नगरपालिकाले वि सं २०७९ मा स्थानीय पाठ्यक्रम विकास गरी शैक्षिक सत्र २०८० देखि सम्पूर्ण विद्यालयहरुमा **हाम्रो बाह्रविसे** स्थानीय पाठ्यक्रम लाग गरिएको छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ । यसले स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिविम्बन गर्छ। सारमा स्थानीय

अवस्थाको प्रचारप्रसार विकास र संरक्षणलाई अँगाली स्थानीय सीप प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रवर्द्धन गर्ने अभिष्ट यसले राख्दछ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर स्थानीय आवश्यकताको रूपमा रहेका विषयवस्तु पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ। बाह्रविसे नगरपालिकाको **हाम्रो बाह्रविसे** नामक स्थानीय पाठ्यक्रमले बाह्रविसेको पहिचान स्थापित गर्न थप सहयोग गरेको छ । समयको परिवर्तन र स्थानीय आवश्यकताको आधारमा पाठ्यक्रमको समसामयिक परिमार्जन गर्दै जाने कार्यक्रम नगरपालिकाले राखेको छ ।

**समस्या**

(क)पाठ्यक्रममा आधारित शिक्षण सिकाइ नहुनु

(ख) सिकाइमा शैक्षिक सामग्रीको प्रयोग न्यून गरिनु

(ग)विद्यालयमा पुस्तकालयको राम्रो व्यवस्था नहुनु र भएकोमा पनि शिक्षण सिकाइमा प्रयोगमा नआउनु

(घ)एकीकृत पाठ्यक्रमको लागि अत्यावश्यक सक्षमता विकास तालिम शिक्षकलाई प्रदान नहुनु

(ङ) पाठ्क्रममा आधारित मूल्याङ्कन गर्ने अभ्यास नहुनु

(च)स्थानिय तहमा शैक्षिक सामग्री विकास तथा प्रयोग गर्ने अभ्यास नहुनु

(छ)प्रविधिमा आधारित शिक्षण सिकाइ हुन नसक्नु

(ज)विद्यालयमा जाने बजेट सिकाइ सामग्री विकास तथा प्रयोगका लागि अपर्याप्त हुनु

(झ) पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु

(ञ)स्थानीय पाठ्यक्रमको शिक्षक निर्देशिका तथा सन्दर्भ सामाग्रीहरु निर्माण नहुनु

चुनौती

(क)पाठ्यक्रम तथा शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था सुनिश्चत गर्नु

(ख) सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु

(ग)शिक्षक सहयोग पद्दतिलाई संस्थागत गर्नु

**अवसर**

(क)स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन अधिकार स्थानीय तहमा रहनु

(ख)      स्थानीय तहले सिकाइ सामग्री तयार गरी  कार्यान्वयन गर्न सक्ने अवस्था हुनु

(ग) आधारभूत तह कक्षा ८ सम्मको सिकाइ मूल्याङ्कन गर्ने अधिकार स्थानीय तहलाई हुनु

### ४.१.२ उद्देश्य

- बाह्रविसे  नगरपालिका भरिका विद्यालयहरूमा शैक्षिक सत्रको सुरुमा सवै बालबालिकाको हात हातमा पाठ्यपुस्तक पुऱ्याउनु
- पाठ्यक्रममा आधारित, बालमैत्री, अपाङ्गमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाइ गर्नु
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम कार्यान्वयन गर्नु
- सिकाइ उपलब्धिमा सुधार गर्नु
- शिक्षाको राष्ट्रिय उदेश्यहरु पूरा गर्न सहयोग पर्याउनु
- बाह्रविसे  नगरपालिका भरिका विद्यालयहरूलाइ ऐच्छिक विषय छनौटमा सहजिकरण गर्नु
- बाह्रविसे  नगरपालिकाको आवश्यकता , परिवेशमा आधारित रहि स्थानीय विज्ञहरुको संलग्नतामा यहीँकै विषयवस्तुलाइ आधारित बनाएर स्थानीय पाठ्यक्रम परिमार्जन गर्नु, कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पाठयक्रममा आधारित शिक्षण सिकाइको अवस्था सुनिश्चित गर्ने | • एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपयोगी सिकाइको वातावरण तयार गरिनेछ ।<br>• स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्री विकास गरी शिक्षण सिकाइमा प्रयोग गरिनेछ ।<br>• पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिनेछ । |
| शिक्षण सिकाइलाई आधुनिकीकरण गर्ने | • प्रविधिमैत्री शिक्षण सिकाइका लागि सहजकारी वातावरण निर्माण गरिनेछ । |

| | |
|---|---|
| | • स्थानीय तहमा कार्यरत गैरसरकारी निकायसँगको समन्वय र सहकार्यमा प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्री विकास तथा प्रयोग गर्ने वातावरण विकास गरिनेछ ।<br>• संघ तथा प्रदेश सरकारबाट विकसित सिकाइ पोर्टलको प्रभावकारी प्रयोग गर्ने विद्यालयलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।<br>• खुला तथा दूर शिक्षण सिकाइको अवसर वृद्धि गर्न विद्यालयमा सूचना, सञ्चार र प्रविधि (ICT) को पहुँच विस्तार गरिनेछ। |
| समतामुलक शैक्षिक वातावरण निर्माण गर्ने | • सबै किसिमका बालवालिकाहरुलाई शैक्षिक क्रियाकलापमा पहुँचयुक्त बनाइनेछ ।<br>• सबै बालवालिकाको आवश्यकतानुसार शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरु निर्माण तथा प्रयोग गरिनेछ । |
| स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने | • राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार स्थानीय पाठ्यक्रमको प्रबोधिकरण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>• स्थानीय पाठ्यक्रममा आधारित शैक्षिक सामग्री विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• स्थानीय पाठ्यक्रम विकासमा शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गरी पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यमा प्रभावकारिता ल्याइनेछ । |

### ४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८५ | दोस्रो पाँच वर्ष २०९० | |

| | | | | |
|---|---|---|---|---|
| पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | नगरपालिका, प्रदेश ,संघीय सरकार र गैसस |
| स्थानीय पाठ्यक्रम पुनरावलोकन | पटक | १ | १ | नगरपालिका र गैसस |
| स्थानीय स्रोतमा आधारित सिकाइ सामग्री निर्माण र प्रयोग | पटक | ५ | ५ | नगरपालिका र गैसस |
| सूचना सञ्चार र प्रविधिमा आधारित शैक्षिक सामग्री व्यवस्थापन | पटक | ५ | ५ | नगरपालिका, प्रदेश सरकार र गैसस |
| पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अनुभव आदान प्रदान भ्रमण तथा कार्यशाला | पटक | १ | १ | नगरपालिका, प्रदेश सरकार र गैसस |
| पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण | निरन्तर | ५ | ५ | नगरपालिका |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

प्रभावकारी शिक्षक व्यवस्थापन र पेसागत विकासबाट मात्र गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्न सकिन्छ । । शिक्षकको पेसागत विकासलाई मागमा आधारित गराउनु पर्छ । कार्यसम्पादनमामा आधारित मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्न सकेमा शिक्षण सिकाइमा उल्लेख्य सुधार गर्न सकिन्छ । उत्तरदायी शिक्षक व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न सकिन्छ । शिक्षकको पेसागत विकास र व्यवस्थापन शिक्षामा गुणस्तर सुधारको प्रमुख कारकका रूफमा रहने गर्छ । संघीयता कार्यान्वयन पश्चात् विद्यालय शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहमा रहेको छ । शिक्षक पदपुर्ति र तलब भत्ताको निकासा भने संघ मातहत नै रहेको छ । यसबाट शिक्षक व्यवस्थापन पक्ष झन पेचिलो बन्न पुगेको छ ।

यस सन्दर्भमा संघीय तहका शिक्षक सेवा आयोगले शिक्षकको लागि शिक्षण अनुमती पत्र, शिक्षक छनोट, नियुक्ति तथा पदोन्नतिका कार्यहरू गर्दै आएको छ । यी कार्यमा स्थानीय तह जिम्मेवार

देखिँदैन । तर स्थानीय तहमा शिक्षक दरबन्दी मिलान कार्य, शिक्षकको सरुवा तथा स्थानीय स्रोतमा आधारित शिक्षक छनोट तथा व्यवस्थापन कार्य हुँदै आएका छन् । स्थानीय तहमा शिक्षकको व्यवस्थापनको हकमा नगरपालिकाको स्रोतबाट तथा संघीय सरकारबाट स्वीकृत दरबन्दीमा रिक्त हुँदाका अवस्थामा तिनको आपूर्ति स्थानीय हबाट हुने गरेको छ । त्यसै गरी शिक्षकको सरुवाको हकमा जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइ र दरबन्दी मिलानको क्रममा भने स्थानीय तहले पनि शिक्षकको सरुवा तथा मिलान गर्ने अभ्यास हुँदै आएको छ ।

### ४.२.१ वर्तमान अवस्था

बाह्रविसे नगरपालिकाले आफ्नै स्रोतबाट निम्न माध्यमिक, प्राथमिक र बालविकास तथा मन्टेश्वरी शिक्षकको व्यवस्था गरेको छ । कक्षा ११ र १२ मा निःशुल्क शिक्षा व्यवस्थापनका लागि आंशिक शिक्षकहरुको व्यवस्था गर्न समेत हरेक वर्ष नगरले अनुदान उपलब्ध गराउँदै आएको छ । साथै विद्यालय कर्मचारी, कार्यालय सहयोगी र बालविकास सकालाई नगरपालिकाबाट थप पारिश्रमिकको व्यवस्था गरेको छ । नगरपालिकाको आयोजनामा शिक्षक पेशागत विकासका लागि नवप्रवेशी शिक्षक तालिम, सूचना तथा प्रविधिको प्रयोगसम्बन्धि तालिम, प्रधानाध्यापकको क्षमता विकास तालिम, एकिकृत पाठ्यक्रम र मुल्याङ्कन सम्बन्धि तालिम तथा आवश्यकतानुसार पुनर्ताजगी तालिमहरु आदि संचालन गर्दै आइरहेको छ ।

**समस्या**

- शिक्षण सिकाइ परम्परागत हुनु
- स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगको अवस्था नहुनु
- शिक्षकहरु पाठ्यक्रम भन्दापनि पाठ्यपुस्तकमा आधारित भइ शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनु
- शिक्षण पेसा आकर्षक हुन नसक्नु
- विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा शिक्षक व्यवस्थापन नहुनु
- तालिमबाट हासिल सीप सही रूपमा कार्यान्वयन नहुनु र यससम्बन्धी अनुगमन पक्ष कमजोर रहनु
- शिक्षकलाई शैक्षणिक सहयोग प्रदान गर्ने पद्दति नहुनु
- कक्षा कोठाको वातावरण गुणस्तरीय तथा आधुनिक शिक्षणका लागि उपयुक्त नहुनु
- शिक्षक प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन नहुनु

**चुनौती**

- तीन ओटै  तहका  सरकार बीच समन्वय  तथा सहकार्यमा शिक्षक व्यवस्थापन गर्नु
- शिक्षण पेसालाई आकर्षित बनाउनु
- सबै शिक्षकलाई तालिम उपलब्ध गराउनु
- विद्यार्थी सङ्ख्या र विद्यालयमा पठनपाठन हुने बिषयका आधारमा शिक्षक दरबन्दी मिलान गर्नु
- शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु
- प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि शिक्षक तयार गर्नु
- विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरी शिक्षकलाई प्राविधिक सहयोग प्रदान गर्नु

**अवसर**

- स्थानीय तहलाई शिक्षक व्यवस्थापनको अधिकार हुनु
- स्थानीय स्रोत परिचालन गरी शिक्षक प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने आधार हुनु

### ४.२.२ उद्देश्य

- बाह्रविसे  नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा तोकिएको शिक्षक कर्मचारी  दरबन्दीको व्यवस्था गर्नु ।
- बाह्रविसे  नगरपालिकामा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी आधुनिक शैक्षिक प्रविधिको उपयोग गरी शिक्षण गर्न सक्ने क्षमता विकास गर्नु ।
- सवै विद्यालयहरूमा आन्तरिक स्रोतबाट शिक्षक राख्नुपर्ने अवस्थाको अन्त्य गर्नु ।
- बाह्रविसे  नगरपालिकाका सामुदायिक विद्यालयहरू शिक्षकहरूको आकर्षणको केन्द्रको रुपमा विकास गर्नु ।
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ बमोजिम निर्धारण गरिएको मापदण्डमा आधारित विद्यालय कायम गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्नु ।

### ४.२.३ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **क)** शिक्षक दरबन्दी मिलान गर्ने | • विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ । |

| | |
|---|---|
| | • नगरको स्रोत परिचालन गरी आवश्यकताका आधारमा विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ । |
| **ख)** शिक्षकको पेसागत विकास गर्ने | • विषयगत शाखाहरु गठन गरी शिक्षकलाई शिक्षण पेसागत विकासमा सक्रिय गराइनेछ ।<br>• पाठ्यक्रमले माग गरे अनुसार आवश्यकतामा आधारित शिक्षक तालिम सञ्चालनका लागि प्रदेश तालिम केन्द्रसँग समन्वय गरिनेछ ।<br>• शिक्षण सिकाइलाई प्रविधिमैत्री, बालमैत्री, एकीकृत पाठ्यक्रममा आधारित, वहुभाषिक शिक्षण विधिको प्रयोग गरी आधुनिकीकरण गरिनेछ ।<br>• कार्यसम्पादनमा आधारित मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई प्रोत्साहित गरिनेछ । |
| **ग)** शिक्षक सहयोग पद्दति विकास गर्ने | • शिक्षक सहयोग पद्दति विकास गरी पेसागत सहयोग प्रदान गरिनेछ<br>• शिक्षक समुदाय विच निरन्तर पेसागत सहयोग का लागि शिक्षक सञ्जाल विकास गरी परिचालन गरिनेछ ।<br>• गैरसरकारी निकायसँगको सहकार्यमा शिक्षकको पेसागत विकास तथा शैक्षणिक सयहोग गर्न र अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• अनलाइन तथा अफलाइन मोडका पेसागत विकासका तालिम कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।<br>• स्थानीय तहमा विज्ञहरूको समूह गठन गरी विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरिने छ ।<br>• शिक्षकहरू बीच पेसागत छलफल कार्यक्रम आयोजना गरी सिकाइलाई एक आपसमा सहयोग आदानप्रदान गर्ने र सिकाइ समस्या समाधान गर्ने अवसर प्रदान गरिनेछ ।<br>• अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिने छ । |

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

- बाह्रविसे नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा पर्याप्त दरबन्दीको सुनिश्चित हुनेछ ।
- विद्यालय नक्साङ्कनको आधारमा आवश्यक संङ्ख्यामा मात्र विद्यालयहरू सञ्चालन गरी विद्यालय समायोजन हुनेछ ।
- विद्यालयहरूमा निजीस्रोतमा शिक्षक राख्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुनेछ ।
- बाह्रविसे नगरपालिका सबै शिक्षक कर्मचारी आधुनिक प्रविधिमा परिचित भइ शिक्षण सिकाईमा प्रविधिको उपयोग गर्न सक्ने हुनेछ ।
- बाह्रविसे नगरपालिकाका विद्यालयहरूमा गुणस्तरिय शिक्षाको प्रत्याभुति हुनेछ ।
- बाह्रविसे नगरपालिकाका शिक्षकहरु पेशागत रुपमा सुरक्षित भएको सुनिश्चित हुनेछ ।
- बाह्रविसे नगरपालिकाका बालबालिकाहरूले अनिवार्य तथा निशुल्क शिक्षा प्राप्त गर्नेछन् ।

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८५ | दोस्रो पाँच वर्ष २०९० | |
| शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | नगरपालिका, प्रदेश र संघ सरकार |
| विषयगत शिक्षक व्यवस्थापन अनुदान | सङ्ख्या | ५ | ५ | नगरपालिका |
| आवश्यकतामा आधारित शिक्षक तालिम सञ्चालन(भर्चुअल, सूचना सञ्चार तथा प्रविधि, एकीकृत पाठ्यक्रम, बहुकक्षा शिक्षण आदि) | पटक | ५ | ५ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |

| | | | | |
|---|---|---|---|---|
| विज्ञान प्रविधि अङ्ग्रेजी र गणित(STEM) सम्बन्धी शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |
| अनुसन्धानमा आधारित शिक्षक तालिम कार्यक्रम सञ्चालन | पटक | २ | २ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |
| प्राविधिक धारमा कार्यरत प्रशिक्षकका लागि तालिम कार्यक्रम सञ्चालन | पटक | १ | १ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |
| कार्यप्रगतिमा आधारित शिक्षक प्रोत्साहन अनुदान | पटक | ५ | ५ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |
| शिक्षक पेसागत छलफल कार्यक्रम | पटक | नियिमित | नियिमित | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |
| शिक्षक जर्नल विकास तथा प्रकाशन | पटक | १ | १ | विद्यालय र नगरपालिका |
| विज्ञ समूहबाट शिक्षण सिकाइको अनुगमन तथा पृष्ठपोषण | पटक | ५ | ५ | विद्यालय |
| शिक्षकहरूबाट सम्पादित कार्यको अनुभव आदान प्रदान सम्बन्धी अवलोकन भ्रमण | पटक | १ | १ | विद्यालय, नगरपालिका र गैसस |
| उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका |
| वियषगत गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन | पटक | २ | २ | विद्यालय र नगरपालिका |
| प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका, प्रदेश, संघ सरकार र गैसस |

## ४.३ शिक्षामा समता र लैङ्गिक समावेशीकरण

समावेशी शिक्षा तथा समता सम्बन्धी संबैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५- २०३०) लक्ष्य नं. ४ मा पनि उल्लेख भएको छ। त्यसैगरी समता रणनीति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । समानता भनेको सवैलाई समान व्यवहार गर्नु भन्ने बुझिन्छ भने समता भनेको समानतामा पुऱ्याउन गरिने सकरात्मक विभेद भन्ने बुझिन्छ । अत: समानतामा पुग्नको लागि पछाडि परेका पारिएका वर्गलाई सकरात्मक विभेदको माध्यमबाट टेवा दिने कार्य हो । यसरी कमजोर पक्षलाई बलियो पक्षको बराबरीमा पुऱ्याउन राज्यले गरिने विषेश व्यवस्था नै समता हो । नेपाल बहुजातिय ,बहुभाषीक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । त्यसैले बाह्रविसे नगरपालिकामा पनि विविधता पाइन्छ । सवै वर्ग, जाति ,धर्म , भाषा भएको मानिसहरूलाइ समान ढंगले शिक्षा दिएर हुदैन त्यसैले विषेशत समाजमा पछाडि परेका वा पारिएका वर्ग , अवसर बाट बन्चित महिला , दलित , जनजाति , अपाङ्ग र आर्थिक रुपले विपन्न वर्गलाई शिक्षाको मूलधारमा समाहित गर्न शिक्षामा समता र समावेशिकरणको आवधारणा अगाडी आएको हो । त्यसैले बाह्रविसे नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा, कार्यान्वयन गर्दा समेत शिक्षमा समता र समावेशिकरणको पाटोलाई अनिवार्य रुपमा समेट्नु पर्ने हुन्छ ।

### ४.३.१. वर्तमान अवस्था

समावेशी शिक्षाले सबै विद्यार्थीको सिकाइ अनुभवलाई समृद्ध बनाउन र विविधताको सम्मान गर्न सिकाउँछ । शिक्षामा समतामूलक सोच र व्यवहार आजको आवश्यकता हो । नेपालमा विभिन्न जात, भाषा , धर्म , संस्कृति , रितिरिवाज, वर्ग, समुदायका मानिसहरु बसोबास गर्छन्र त्यसैले सामाजिक विविधता हाम्रो साझा विशेषता हो । अत: यस नगरपालिका पनि यसबाट अछुतो रहन सक्दैन। बाह्रविसे नगरपालिका विभिन्न , भाषा , जाति, धर्म, वर्ग का समुदाय हरू रहेका छन् । यस नगरपालिकामा विशेष गरी तामाङ, नेवार ,क्षेत्री ,बाहुन, शेर्पा ,गुरुङ, दलित, मगर आदि जातका समुदायहरू रहेका छन। यसै गरी भाषागत रुपमा हेर्दा नेपाली ,तामाङ, नेवारी लगायत भाषा बोल्ने समुदायहरू छन् भने धार्मिक रुपमा हेर्दा बौद्ध धर्म, हिन्दू धर्म, क्रिस्चियन धर्म मान्नेहरू मानिसहरु बसोबास गर्छन्। यसै गरी आर्थिक रुपमा सम्पन्न वर्ग, आर्थिक अवस्था कमजोर भएको वर्ग, मध्यम वर्गका मानिसहरू बसोबास गर्छन् । त्यसैले बाह्रविसे नगरपालिकाका विद्यालयहरूमा माथि उल्लेखित समुदायहरुबाट पढ्न बालबालिकाहरू आउने गर्छन् । त्यसैले विद्यालयमा कक्षाकोठामा सवैलाइ मान्य हुने गरी व्यवहार गर्नु पर्ने हुन्छ । बाह्रविसे नगरपालिकाका विद्यालयहरूमा कक्षाकोठामा भएको विविधतालाई सम्बोधन गरी सही तरिकाले कक्षाकोठा व्यवस्थापन गर्नुपर्ने,

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति जस्ता समितिहरूमा पनि सवै मानिसहरुलाई समावेशी तरिकाले समावेश गर्नुपर्ने हुन्छ । त्यसैले बाह्रविसे नगरपालिकामा शिक्षा क्षेत्रमा पछाडी परेका समुदाय, अपाङ्ग, महिला, जनजाति एवं विभिन्न भाषा संस्कृति र धर्मका मानिसहरुलाई हरेक निकायमा समावेशि तरिकाले समावेश गर्न सकेमा मात्र सवैले न्याय भएको महसुस गर्नेछन् भने सवैमा अपनत्वको भावना विकास हुन्छ । तसर्थ बाह्रविसे नगरपालिकामा सबैलाई समतामुलक सोचका साथ समावेशिकरण गर्नु अपरिहार्य भएको छ ।

### ४.३.२ उद्देश्य

- विभिन्न जाति, भाषा , संस्कृति , धर्म मान्ने समुदायलाइ शिक्षामा समावेशीकरण गर्नु ।
- यस नगरपालिकाको शिक्षा सम्बन्धि सबै समितिहरू समावेशी तरिकाले गठन गर्नु ।
- समुदायका सबै मानिसहरुमा समतामूलक सोचका साथ समावेशीकरण गरि शिक्षाको मूल धारमा समाहित गर्नु ।
- समाजमा पछाडी परेका, पारिएका वर्गको पहिचान गरी समतामूलक प्रकृयावाट समावेशीकण गर्नु ।

### ४.३.३ रणनीति

- बाह्रविसे नगरपालिकाले नगरभरिका विभिन्न जाति, भाषा , धर्म , संस्कृति मान्ने समुदायको पहिचान गर्ने ।
- विभिन्न भाषा, धर्म र संस्कृतिलाइ सम्बोधन गरी शिक्षा सम्बन्धि नीति, नियम र कार्यविधि बनाउने ।
- अपाङ्गता भएका सिमान्तकृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार विकास गर्ने ।
- अपाङ्गता भएका सिमान्तकृत वर्गका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।
- सबैका लागि समावेशी शिक्षा प्रबर्धन गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायतका समितिहरू समावेशी तरिकाले गठन गर्ने ।
- सबै वडा कार्यालयहरुमा बालबालिकाको क्षेत्रमा आएको रकमलाई स्थानीय विद्यालय तथा सरोकारवालाहरुसँग समन्वय गरी बजेटको कार्यान्वयन गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

समाजमा पछाडी परेका शिक्षाको अवसरबाट बन्चित समुदाय लाई शिक्षामा समावेशीकरण गरी समतामुलक सोचको विकास गर्ने ।

**नतिजा**

- बाह्रविसे नगरपालिकाका सबै भाषा, धर्म, संस्कृति लाई समट्ने गरी शिक्षा सम्बन्धि निति, नियम र कार्यविधि निर्रमाण भएको हुने ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायतका समितिहरूमा समावेशी प्रतिनिधित्व भएको हुने ।
- अपाङ्गता भएका समिमान्तकृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार विकास भएको हुने ।
- अपाङ्गता भएका सिमान्तकृत वर्गका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम संचालन भएको हुने ।
- सबैका लागि समावेशी शिक्षा प्रवर्द्धन भएको हुने ।
- दलित,अपाङ्गता भएका , अति विपन्न समुदायका बालबालिकाहलाई विशेष छात्रबृत्तिको व्यवस्था भएको हुने ।
- महिला, किशोरी तथा बालिका विरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य भएको हुने ।
- शिक्षामा लैङ्गिक असमानताको अन्त्य गर्ने समान पहुँचको सुनिश्चितता भएको हुने ।

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बजेट रु लाख मा | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/ ८२ | ०८२ / ८३ | ०८३ / ८४ | ०८४ / ८५ | ०८५/ ८६ | ५ वर्ष को वजेट | | |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ० | ० | विद्यालय |

| क. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बजेट रु लाख मा | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/ ८२ | ०८२ / ८३ | ०८३ / ८४ | ०८४ / ८५ | ०८५/ ८६ | ५ वर्ष को वजेट | | |
| २ | छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन | विद्यालय | ५ | १० | १० | १० | १३ | २५ | २५ | |
| ३ | भेदभाव र दुर्व्यवहार विरुद्ध चेतनामूलक कार्यक्रम | विद्यलाय | ५ | १० | १० | १० | १० | १० | १० | |
| ५ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | २० | २० | |
| ६ | सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि मातृभाषामा शिक्षण | विद्यालय | | | | | | | | |
| ७ | बालमैत्री वडा घोषणा | वडा | | | ४८ | | | | | |
| ८ | लैङ्गिक फोकल पर्सनको व्यवस्था ( विद्यालयस्तर) | विद्यालय | १० | १० | १० | १० | ८ | १६ | | |
| ९ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास ( विद्यालयस्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | अपाङ्गताको प्रकृति अनुसारम विद्यार्थीका लागि आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ लाख | | |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बजेट रु लाख मा | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/ ८२ | ०८२ / ८३ | ०८३ / ८४ | ०८४ / ८५ | ०८५/ ८६ | ५ वर्ष को वजेट | | |
| ११ | नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण | वाल वालिका | | | | | | | | |
| **जम्मा ( आन्तरिक स्रोत) प्रतिवर्ष वजेट** | | | | | | | | | | |
| १२ | आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति | विद्यार्थी | १० | २० | ३० | ४० | ५० | | | |
| १३ | विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई सचेतना तथा संयत्र निर्माण | विद्यालय | | | | | | | | |
| जम्मा (वाह्यस्रोत ) प्रतिवर्ष वजेट | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

नेपालका विद्यालयहरूमा सञ्चालित दिवा खाजा कार्यक्रम (Mid-Day Meal Program) बालबालिकाहरूको पोषण, स्वास्थ्य, र शिक्षा सुधार्न गरिएको सरकारी तथा गैरसरकारी पहल हो । यस कार्यक्रमले विद्यालय जाने बालबालिकाहरूलाई पौष्टिक खाना प्रदान गरेर उनीहरूको शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउँछ । यो कार्यक्रम विशेष गरी गरिबी तथा विपन्नतामा रहेका बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि गर्ने, कक्षामा ध्यान दिन र सिकाइ परिणाम सुधार्न सहयोगी साबित भएको छ । दिवा खाजा कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र स्थानीय सरकारको सक्रिय सहभागिता रहन्छ । यस पहलले बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार, र सिकाइमा सकारात्मक प्रभाव पार्दै आएको छ । दिवा खाजासहित

स्वास्थ्य तथा पोषण कार्यक्रम विद्यार्थीहरूको शारीरिक, मानसिक, र शैक्षिक विकासलाई प्रोत्साहित गर्नका लागि संचालित महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय उमेरका बालबालिकाहरूलाई नियमित स्वास्थ्य जाँच, पौष्टिक खाना तथा स्वच्छता सम्बन्धी शिक्षा प्रदान गरेर उनीहरूको स्वास्थ्य सुधार्न मद्दत गर्दछ । यस कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई आवश्यक पोषक तत्वहरू समावेश गरिएको खाना दिइन्छ, जसले कुपोषण घटाउन र उनीहरूको सिकाइ क्षमतालाई बढाउन सहयोग पुग्दछ । विद्यालयहरूमा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ र स्वच्छताको महत्त्व बुझाउने प्रयास गरिन्छ। यसरी दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमले बालबालिकाहरूको स्वस्थ र सशक्त भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

### ४.४.१. वर्तमान अवस्था

बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ । साथै यस नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट बाट अ व २०७९/८० देखि कक्षा ८ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ ।

यस बाह्रविसे नगरपालिकामा रहेका ४८ सामुदायिक विद्यालयहमा कक्षा ८ सम्म अध्ययन गर्ने सबै बालबालिकाहरूले दिवा खाजाको सुविधा पाएको देखिन्छ । संघीय सरकारले सशर्त अनुदानका रूपमा प्रति विद्यार्थी प्रति दिन रू १५ मा नगरपालिकामा प्राप्त हुने र नगरपालिकाले विद्यालयमा विद्यार्थी संख्याको आधारमा विद्यालयमा निकासा दिने प्रावधान रहिआएको छ । यस नगरपालिकाका अधिकांश विद्यालयमा बालबालिकाहरुले साबुन र पानीसहितको शौचालय तथा पिउने पानीको सुविधा प्राप्त गरिरहेका छन् । केही विद्यालयमा भने सो सुविधा उपलब्ध हुन सकेको छैन ।

### ४.४.२ समस्याहरु :

- खाजाबापत बिनियोजन हुने रकमले स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु,
- विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्लै कर्मचारीको व्यवस्था नहुनु,
- स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको उचित प्रयोग गर्न नसक्नु,

- बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी शिक्षा दिने कार्यलाई कतिपय विद्यालयहरूले महत्व नदिनु,
- बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था हुन नसक्नु,

  आदि यस बाह्रविसे नगरपालिकाको दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्याहरू हुन् ।

### ४.४.३ चुनौतीहरुः

दिवाखाजा तथा स्वास्थ्य पोषण  र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्षा गर्दा निम्न लिखित चुनौतीहरु पहिचान गरीयो ।

- दिवा खाजा कार्यक्रमको दिगोपना र प्रभावकारिताको लागि कार्यविधि निर्माण गर्नु
- संघीय कानून तथा नगरपालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिक ब्यवस्थापन गर्नु
- दिवाखाजा  स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि पर्याप्त वित्तीय प्रबन्ध  गर्नु
- विद्यालय खाजाका लागि उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु
- दिवाखाजाका लागि प्राविधिक क्षमता विकास गर्नु
- विद्यालय खाजालाइ स्थानीय कृषि तथा व्यापारसँग जोड्नु
- कार्यक्रममा  प्रभावकारी अनुगमन र समयबद्ध मूल्याङ्कन पद्दति विकास गर्नु
- विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरुले पानउनेगरी कानूनी तथा बजेट ब्यबस्थापन गर्नु
- विद्यालय खाजा तथा अन्य विषयहरुलाई एकीकृतरुपमा सम्बन्धित गराउनु
- सरसफाइ तथा स्वच्छताकालागि आबश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु

### ४.४.४ उद्देश्यहरु

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी व्यवहारमा परिवर्तन गर्नु ।
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछः

- शिक्षा , स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटिने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने।
- बालबालिकाको लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफा, ताजा र पोषिलो खाजा तयार गरी वितरण गरिने छ ।
- भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गरिनेछ।
- सबै विद्यालयमा प्राथमिक उपचार उपलब्ध गराउने तथा आधारभूत प्रथमिक उपचार सम्बन्धी तालिम प्रदान गर्ने ।
- अभिभावक, आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
- सरसफाइका आवश्यक पूर्वाधारहरुको पूर्ण विकास भएको हुने ।
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।
- विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक पुर्वाधार तयार गरि तरकारी उत्पादन गर्न समेत प्रोत्साहन गर्ने.

### ४.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ,
- मनोसामाजिक सुधार साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**प्रमुख नतिजाहरु**

- खाजा व्यवस्थापन समिति सकृय भई नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछ ।
- आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ ।

- विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन भएको हुनेछ ।
- सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुनेछ ।
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुनेछ ।
- प्रत्येक विद्यालयहरुमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुनेछ ।
- स्थानीय उत्पादनमा आधारित चक्रिय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुनेछ ।

## ४७ प्रमुख क्रियाकलाप तथा लक्ष्य.४.

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय कृषि सहकारी, किसान तथा अन्य स्रोतहरूसँग साझेदारी | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका र गैसस |
| ३ | विद्यार्थीहरू र अभिभावकहरूलाई पोषण र स्वस्थ्य खाजा सम्बन्धी शिक्षा | संख्या | १०० | १००० | १००० | १००० | १००० | सबै | नगरपालिका र गैसस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | | | | | | |
| ६ | एक विद्यालय एक किचन गार्डन स्थापना | निरन्तर | ५ | ५ | ५ | ५ | ५ | सबै | नगरपालिका र गैसस |
| ७ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण | निरन्तर | ४८ | | | | | | नगरपालिका र गैसस |
| ९ | विद्यालयमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | ४८ | | | | | | विद्यालय |
| १० | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | विद्यालय | ४८ | | | | | | विद्यालय |

४.५ जलवायु अनुकूलन र उत्थानशील शिक्षा तथा विद्यालय सुरक्षा र विपत् न्यूनीकरण

# जलवायु अनुकूलन र जलवायु उत्थानशील शिक्षा

## १. परिचय

जलवायु परिवर्तनले विश्वभरि वातावरण, अर्थतन्त्र, कृषि, स्वास्थ्य र शिक्षामा गम्भीर असर पारिरहेको छ। नेपालजस्ता हिमाली तथा विकासोन्मुख देशहरूमा यसको प्रभाव अझ बढी देखिएको छ। अनियमित वर्षा, बाढी, पहिरो, खडेरी, हिमताल विस्फोट, अत्यधिक गर्मी तथा प्राकृतिक विपद्का कारण जनजीवन मात्र होइन, विद्यालय शिक्षा पनि प्रभावित हुँदै गएको छ। यस अवस्थामा जलवायु परिवर्तनका असरलाई कम गर्दै शिक्षा प्रणालीलाई सुरक्षित, दिगो र प्रभावकारी बनाउनु आवश्यक छ। यही उद्देश्य पूरा गर्न **जलवायु अनुकूलन** र **जलवायु उत्थानशील शिक्षा** को अवधारणा विकसित भएको हो।

## २. जलवायु अनुकूलनको अवधारणा

जलवायु अनुकूलन (Climate Adaptation) भन्नाले जलवायु परिवर्तनका वर्तमान तथा सम्भावित प्रभावसँग आफूलाई अनुकूल बनाउने प्रक्रिया हो। यसको उद्देश्य जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जोखिम घटाउनु र उपलब्ध अवसरको सदुपयोग गर्नु हो।

उदाहरणका रूपमा बाढीको जोखिम भएका क्षेत्रमा सुरक्षित भवन निर्माण गर्नु, खडेरी सहन सक्ने बाली लगाउनु, वर्षाको पानी संकलन गर्नु, विपद् पूर्वतयारी गर्नु तथा स्थानीय ज्ञान र आधुनिक प्रविधिको प्रयोग गर्नु जलवायु अनुकूलनका उपायहरू हुन्।

नेपालजस्तो प्राकृतिक विपद्को उच्च जोखिम भएको देशमा जलवायु अनुकूलन दिगो विकासका लागि अत्यन्त आवश्यक मानिन्छ।

## ३. जलवायु उत्थानशील शिक्षाको अवधारणा

जलवायु उत्थानशील शिक्षा (Climate Resilient Education) भन्नाले जलवायु परिवर्तन तथा प्राकृतिक विपद्को प्रभावका बीच पनि निरन्तर, सुरक्षित, समावेशी र गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षा प्रणालीलाई जनाउँछ।

यस शिक्षाले विद्यार्थी, शिक्षक र विद्यालय समुदायलाई जलवायु परिवर्तनका प्रभाव बुझ्ने, जोखिम न्यूनीकरण गर्ने, विपद्को समयमा सुरक्षित रहने र परिवर्तनसँग अनुकूल हुने ज्ञान, सीप र व्यवहार विकास गराउँछ। साथै विद्यालयको भौतिक संरचना, पाठ्यक्रम, शिक्षण विधि र व्यवस्थापनलाई पनि जलवायुमैत्री बनाउने प्रयास गर्छ।

# ४. जलवायु अनुकूलन र जलवायु उत्थानशील शिक्षाको आवश्यकता

जलवायु परिवर्तनका कारण विद्यालय बन्द हुने, पूर्वाधारमा क्षति पुग्ने, विद्यार्थीको नियमित उपस्थितिमा कमी आउने तथा सिकाइ प्रक्रिया प्रभावित हुने समस्या बढ्दै गएको छ। त्यसैले विद्यालयलाई विपद् प्रतिरोधी बनाउनु, पाठ्यक्रममा वातावरणीय शिक्षा समावेश गर्नु, विद्यार्थीलाई विपद् व्यवस्थापनसम्बन्धी सीप सिकाउनु तथा सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु आवश्यक भएको छ।

यसले विद्यार्थीमा वातावरणप्रतिको जिम्मेवारी, प्राकृतिक स्रोत संरक्षणको भावना र दिगो विकासप्रतिको प्रतिबद्धता विकास गर्छ।

# ५. जलवायु उत्थानशील शिक्षाका प्रमुख विशेषताहरू

- सुरक्षित र विपद् प्रतिरोधी विद्यालय भवन।
- वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम।
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी व्यवहारिक अभ्यास।
- शिक्षक र विद्यार्थीको क्षमता विकास।
- हरित विद्यालयको अवधारणा।
- पानी, ऊर्जा र फोहोरको दिगो व्यवस्थापन।
- विद्यालय र समुदायबीच सहकार्य।

# ६. वर्तमान अवस्था

नेपाल विश्वमा हरितगृह ग्यासको न्यून उत्सर्जन गर्ने देश भए पनि जलवायु परिवर्तनको उच्च जोखिममा रहेको राष्ट्र हो। विशेषगरी सिन्धुपाल्चोक जिल्लाको **बाह्रबिसे नगरपालिका** बाढी, पहिरो, नदी कटान तथा अत्यधिक वर्षाका कारण बारम्बार प्रभावित हुने क्षेत्रमध्ये एक हो। भोटेकोशी नदी र पहाडी भू–भागका कारण यहाँ मनसुनी विपद्को जोखिम उच्च रहेको छ। विगतका वर्षहरूमा बाढी र पहिरोले सडक, पुल, विद्यालय तथा बस्तीमा ठूलो क्षति पुऱ्याएको अनुभव छ।

नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, वार्षिक योजना तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ।

शिक्षाको क्षेत्रमा बाह्रबिसे नगरपालिकाका विद्यालयहरूमा वातावरण संरक्षण, वृक्षारोपण, सरसफाइ, विपद् सचेतना तथा विद्यालय सुरक्षा जस्ता गतिविधि सञ्चालन भइरहेका छन्। केही विद्यालयले विद्यार्थीलाई जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र वातावरण संरक्षणसम्बन्धी व्यवहारिक सिकाइमा सहभागी गराउने प्रयास गरेका छन्। तथापि, सबै विद्यालयमा जलवायु उत्थानशील पूर्वाधार, आवश्यक शैक्षिक सामग्री, प्रशिक्षित जनशक्ति तथा व्यवहारमुखी कार्यक्रम समान रूपमा उपलब्ध हुन सकेका छैनन्। नगरपालिकाले विपद् व्यवस्थापन र शिक्षा क्षेत्र सुधारका लागि विभिन्न योजना अघि बढाइरहेको छ।

# ७. चुनौतीहरू

बाह्रबिसे नगरपालिकामा जलवायु अनुकूलन र जलवायु उत्थानशील शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन गर्न केही प्रमुख चुनौतीहरू रहेका छन्।

- मनसुनका बेला बाढी, पहिरो र नदी कटानका कारण विद्यालय तथा यातायात प्रभावित हुने।
- केही विद्यालयमा विपद् प्रतिरोधी भवन, सुरक्षित खानेपानी तथा सरसफाइका पूर्वाधारको अभाव।
- जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणसम्बन्धी व्यवहारिक शिक्षण सामग्री तथा शिक्षक तालिम पर्याप्त नहुनु।
- दुर्गम बस्तीका विद्यार्थीलाई वर्षायाममा विद्यालय पुग्न कठिनाइ हुनु।
- सीमित बजेटका कारण हरित विद्यालय, वर्षाको पानी संकलन, फोहोर व्यवस्थापन तथा नवीकरणीय ऊर्जासम्बन्धी कार्यक्रम सबै विद्यालयमा विस्तार गर्न नसक्नु।
- विद्यालय, समुदाय र स्थानीय सरकारबीच समन्वय बढ्दै गए पनि जलवायु उत्थानशील शिक्षा पूर्ण रूपमा संस्थागत भइसकेको छैन।

# ८. सुधारका उपायहरू

- विद्यालयलाई विपद् प्रतिरोधी र जलवायुमैत्री बनाउने।
- पाठ्यक्रममा जलवायु परिवर्तन र दिगो विकासलाई थप सुदृढ बनाउने।
- शिक्षकलाई नियमित तालिम प्रदान गर्ने।

- विद्यालयमा वृक्षारोपण, वर्षाको पानी संकलन, ऊर्जा बचत र फोहोर व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने।
- विद्यार्थीलाई विपद् व्यवस्थापन र वातावरण संरक्षणसम्बन्धी व्यवहारिक अभ्यास गराउने।
- स्थानीय सरकार, समुदाय र विद्यालयबीच सहकार्य बढाउने।

# ९. निष्कर्ष

जलवायु परिवर्तन आजको विश्वव्यापी चुनौती भए पनि यसको प्रभाव स्थानीय तहमा प्रत्यक्ष रूपमा देखिएको छ। **सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका** पहाडी भू–भाग, भोटेकोशी नदी र मनसुनी विपद्का कारण बाढी, पहिरो तथा नदी कटानको उच्च जोखिममा रहेको क्षेत्र हो। यस्ता विपद्ले जनजीवनसँगै विद्यालय, सडक, खानेपानी तथा अन्य पूर्वाधारमा पनि असर पुऱ्याउने गरेका छन्। त्यसैले जलवायु परिवर्तनसँग अनुकूल हुने र विपद्को समयमा पनि सिकाइलाई निरन्तरता दिन सक्ने **जलवायु उत्थानशील शिक्षा** को आवश्यकता बाह्रबिसे नगरपालिकामा अझ बढी महसुस गरिएको छ। नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, शिक्षा र सामाजिक विकाससम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको भए पनि विद्यालयको जलवायु उत्थानशीलता, व्यवहारमुखी वातावरणीय शिक्षा र समुदायको क्षमता अभिवृद्धिमा अझ निरन्तर सुधार आवश्यक छ।

भविष्यमा बाह्रबिसे नगरपालिकाले विद्यालयलाई सुरक्षित तथा विपद् प्रतिरोधी बनाउने, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी व्यवहारिक शिक्षालाई पाठ्यक्रम र सहपाठ्य गतिविधिसँग जोड्ने, शिक्षक र विद्यार्थीको क्षमता विकास गर्ने तथा स्थानीय समुदायसँग सहकार्य बढाउने कार्यलाई प्राथमिकता दिन सके जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुग्नेछ। यसका साथै स्थानीय सरकार, विद्यालय, अभिभावक, समुदाय र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय हुन सके बाह्रबिसे नगरपालिकालाई **जलवायु अनुकूल र जलवायु उत्थानशील शिक्षा प्रणाली भएको सुरक्षित तथा दिगो नगरपालिका** का रूपमा विकास गर्न सकिनेछ।

वर्तमान अवस्था

नेपाल विश्वमा उच्च भूकम्पीय जोखिम भएका देशहरूमध्ये एक हो, जहाँ कुनै पनि समयमा ठूलो भूकम्प जान सक्ने सम्भावना रहन्छ। त्यसैगरी जलवायु परिवर्तनका कारण भूमण्डलीय तापक्रम वृद्धि, अनियमित मनसुन, अल्प तथा अतिवृष्टि, बाढी, पहिरो, डढेलो, खडेरी तथा महामारीजस्ता विपद्का घटना क्रमशः बढ्दै गएका छन्। यस्ता प्राकृतिक तथा मानव सिर्जित विपद्हरूले जनधनको क्षति मात्र नभई विद्यालय, शिक्षा प्रणाली र बालबालिकाको नियमित सिकाइ प्रक्रियामा समेत प्रत्यक्ष असर पुऱ्याइरहेका छन्।

**सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे नगरपालिका** भौगोलिक रूपमा हिमाली र पहाडी भू–भागमा अवस्थित रहेको तथा **भोटेकोशी नदी** यस नगरपालिकाबाट बग्ने भएकाले बाढी, पहिरो, नदी कटान र भूकम्पको उच्च जोखिममा रहेको क्षेत्र हो। यस नगरपालिकाले विगतमा धेरै विनाशकारी विपद्हरू भोगिसकेको छ। **वि२०७१ सालको जुरे पहिरो .सं.** नेपालको इतिहासकै सबैभन्दा ठूलो पहिरोमध्ये एक मानिन्छ। उक्त पहिरोका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो, **अरनिको राजमार्ग** लामो समय अवरुद्ध भएको थियो, सुनकोशी नदी थुनिएर कृत्रिम ताल बनेको थियो र त्यसको प्रत्यक्ष तथा अप्रत्यक्ष असर बाह्रविसे नगरपालिकाको जनजीवन, यातायात, व्यापार तथा शिक्षा क्षेत्रमा समेत परेको थियो।

त्यसैगरी **वि२०७२ सालको भूकम्प .सं.** ले बाह्रविसे नगरपालिकाका धेरै विद्यालय भवन, सरकारी कार्यालय, निजी आवास तथा सार्वजनिक पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको थियो। धेरै विद्यालयका भवन प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेका कारण अस्थायी सिकाइ केन्द्र स्थापना गरेर शिक्षण–सिकाइ सञ्चालन गर्नुपरेको थियो। यस घटनाले विद्यालय सुरक्षा, विपद् पूर्वतयारी तथा जलवायु उत्थानशील शिक्षा प्रणालीको आवश्यकता अझ स्पष्ट रूपमा महसुस गराएको थियो।

यसका अतिरिक्त **भोटेकोशी नदीमा आउने बाढी**, विशेषगरी मनसुनका समयमा हुने अत्यधिक वर्षाका कारण सडक, पुल, खानेपानी, विद्यालय तथा बस्तीहरू प्रभावित हुने गरेका छन्। बाढी र पहिरोका कारण विद्यालयमा पुग्ने बाटो अवरुद्ध हुने, पठनपाठन रोकिने तथा विद्यार्थी र शिक्षकको नियमित उपस्थितिमा समस्या आउने गरेको छ। जलवायु परिवर्तनका कारण वर्षाको स्वरूपमा आएको परिवर्तनले यस्ता जोखिमहरू झन् बढ्दै गएका छन्।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक तथा वातावरणीय कारणबाट उत्पन्न हुने आपत्कालीन अवस्थाको सम्भावना स्थान, परिवेश र मौसमका आधारमा केही हदसम्म अनुमान गर्न सकिए पनि यसको समय, स्वरूप र तीव्रताको यकिन पूर्वानुमान गर्न सकिँदैन। कतिपय विपद् आकस्मिक रूपमा आउने भएकाले शिक्षा प्रणालीलाई आपत्कालीन अवस्थामा पनि निरन्तर सञ्चालन गर्न पूर्वतयारी

आवश्यक हुन्छ। त्यसैले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील शिक्षा आजको शिक्षा योजनाको अभिन्न अङ्ग बन्न पुगेको छ।

हाल बाह्रविसे नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाका क्षेत्रमा विभिन्न प्रयासहरू गरिरहेको छ। विद्यालय सुरक्षा योजना निर्माण, विपद् सचेतना कार्यक्रम, भूकम्प तथा आगलागीसम्बन्धी कृत्रिम अभ्यास )Mock Drill), विद्यालय विपद् व्यवस्थापन समिति गठन, हरित विद्यालय अभियान, वृक्षारोपण, वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्। यद्यपि सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार, सुरक्षित सिकाइ वातावरण, पर्याप्त शैक्षिक सामग्री, प्रशिक्षित जनशक्ति, प्रारम्भिक चेतावनी प्रणाली तथा आधुनिक प्रविधिको समान पहुँच अझै सुनिश्चित हुन सकेको छैन।

यसैगरी आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा विपद्को सामना गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारी भए पनि समन्वय, स्रोत परिचालन, दक्ष जनशक्ति, अत्यावश्यक उद्धार सामग्री तथा पूर्वचेतावनी प्रणालीको प्रभावकारी कार्यान्वयनमा अझै सुधार आवश्यक देखिन्छ। जलवायु परिवर्तनको बढ्दो प्रभावसँगै बाह्रविसे नगरपालिकामा विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन तथा जलवायु उत्थानशील शिक्षालाई थप प्रभावकारी बनाउनु आजको प्रमुख आवश्यकता बनेको छ।

४.५.२ समस्या तथा चुनौती

बाह्रविसे नगरपालिका प्राकृतिक रूपमा भूकम्प, बाढी, पहिरो तथा नदी कटानको उच्च जोखिममा रहेको क्षेत्र भएकाले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। **२०७१ सालको जुरे पहिरो**, **२०७२ सालको भूकम्प** तथा त्यसपछिका विभिन्न समयमा **भोटेकोशी नदीमा आएको बाढी र मनसुनी पहिरो** ले विद्यालय भवन, सडक, पुल तथा सार्वजनिक पूर्वाधारमा क्षति पुऱ्याउनुका साथै विद्यार्थीको नियमित पठनपाठनमा समेत अवरोध सिर्जना गरेको छ।

हाल विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी केही कार्यक्रम सञ्चालन भइरहेका भए पनि सबै विद्यालयमा विद्यालय सुरक्षा योजना, विपद् प्रतिरोधी पूर्वाधार, सुरक्षित खुला स्थान, उद्धार सामग्री तथा प्राथमिक उपचारको समान व्यवस्था हुन सकेको छैन। धेरै विद्यालयमा विपद् व्यवस्थापनसम्बन्धी व्यवहारिक अभ्यास, खोज तथा उद्धार तालिम, मनोसामाजिक परामर्श तथा जलवायु परिवर्तनसम्बन्धी व्यवहारमुखी शिक्षाको कमी देखिन्छ।

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूपमा आएको परिवर्तनले बाढी, पहिरो तथा नदी कटानको जोखिम बढ्दै गएको छ। वर्षायाममा केही बस्ती र विद्यालयसम्म पुग्ने सडक अवरुद्ध हुने, विद्यार्थी तथा शिक्षक नियमित रूपमा विद्यालय पुग्न नसक्ने तथा शैक्षिक गतिविधि प्रभावित हुने अवस्था अझै पनि देखिन्छ। त्यस्तै, विपद्को समयमा आवश्यक पर्ने पूर्वचेतावनी प्रणाली, सञ्चार संयन्त्र, दक्ष जनशक्ति, उद्धार उपकरण तथा वैकल्पिक सिकाइ प्रणालीको पर्याप्त विकास हुन नसक्दा आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन कठिनाइ हुने गरेको छ। यी सबै पक्षलाई ध्यानमा राखी विद्यालय सुरक्षा, जलवायु अनुकूलन तथा जलवायु उत्थानशील शिक्षालाई अझ प्रभावकारी र संस्थागत बनाउनु बाह्रविसे नगरपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ।

४.५.३ उद्देश्यहरू

बाह्रविसे नगरपालिका भौगोलिक रूपमा भूकम्प, बाढी, पहिरो तथा नदी कटानको उच्च जोखिममा रहेको क्षेत्र भएकाले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील शिक्षालाई सुदृढ बनाउनु यस योजनाको मुख्य उद्देश्य हो। विशेषगरी **२०७१ सालको जुरे पहिरो**, **२०७२ सालको भूकम्प** तथा भोटेकोशी नदीमा आउने बाढीबाट प्राप्त अनुभव र सिकाइलाई आधार मानी विद्यालयहरूलाई सुरक्षित, समावेशी तथा विपद् प्रतिरोधी शिक्षण संस्थाका रूपमा विकास गर्ने उद्देश्य राखिएको छ।

यस योजनाको अर्को महत्वपूर्ण उद्देश्य विद्यालय, शिक्षक, विद्यार्थी तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धी ज्ञान, सीप, सकारात्मक सोच तथा व्यवहारको विकास गर्नु हो। जलवायु परिवर्तनका कारण बढ्दै गइरहेका प्राकृतिक विपद्को जोखिमलाई ध्यानमा राखी विद्यार्थीलाई पूर्वतयारी, सुरक्षित व्यवहार, खोज तथा उद्धार, प्राथमिक उपचार र आपत्कालीन अवस्थाको व्यवस्थापनसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरिनेछ, जसले उनीहरूलाई विपद्को समयमा सुरक्षित रहन र समुदायमा सकारात्मक भूमिका निर्वाह गर्न सक्षम बनाउनेछ।

यस योजनाले विद्यालयहरूमा जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गर्दै सम्भावित क्षति न्यूनीकरण गर्ने, विद्यालय भवन तथा अन्य शैक्षिक पूर्वाधारलाई क्रमशः विपद् प्रतिरोधी बनाउने तथा हरित र वातावरणमैत्री विद्यालयको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। विद्यालय परिसरमा वृक्षारोपण, पानीको दिगो व्यवस्थापन, सरसफाइ, फोहोर व्यवस्थापन, ऊर्जा संरक्षण तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरी विद्यार्थीमा वातावरणीय जिम्मेवारीको भावना विकास गरिनेछ।

त्यसैगरी, कुनै पनि प्राकृतिक विपद्, महामारी वा अन्य आपत्कालीन अवस्थाका समयमा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुरक्षित राख्नु यस योजनाको अर्को प्रमुख उद्देश्य हो। त्यसका लागि वैकल्पिक सिकाइ प्रणाली, अस्थायी सिकाइ केन्द्र, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण प्रणाली तथा अन्य उपयुक्त माध्यमको विकास गरी शिक्षण–सिकाइ प्रक्रियालाई निरन्तरता दिइनेछ।

यसका अतिरिक्त विद्यालय, अभिभावक, समुदाय, वडा कार्यालय, नगरपालिका, सुरक्षा निकाय तथा अन्य सरोकारवाला संस्थाहरूबीच प्रभावकारी समन्वय र सहकार्यको विकास गर्दै विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापनलाई संस्थागत बनाउने उद्देश्य राखिएको छ। यसबाट बाह्रविसे नगरपालिकाका विद्यालयहरूलाई जलवायु परिवर्तनका चुनौतीसँग अनुकूल हुन सक्ने, विपद्को सामना गर्न सक्षम तथा दीर्घकालीन रूपमा **जलवायु उत्थानशील Climate Resilient)** शिक्षण संस्थाका रूपमा विकास गर्ने अपेक्षा गरिएको छ।

## ४४ रणनीतिहरू.५.

बाह्रविसे नगरपालिका भूकम्प, बाढी, पहिरो तथा नदी कटानको उच्च जोखिममा रहेको क्षेत्र भएकाले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एकीकृत तथा दीर्घकालीन रणनीति अवलम्बन गरिनेछ। नगरपालिकाको भौगोलिक बनावट, भोटेकोशी नदी, पहिरोको जोखिम भएका क्षेत्र, विद्यालयको अवस्थिति तथा सार्वजनिक पूर्वाधारलाई आधार मानी विस्तृत **विपद् जोखिम नक्साङ्कन )Hazard Mapping)** तयार गरी समय–समयमा अद्यावधिक गरिनेछ। यस नक्साङ्कनका आधारमा जोखिमयुक्त विद्यालयहरूको पहिचान गरी आवश्यक पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

**२०७१ सालको जुरे पहिरो**, **२०७२ सालको भूकम्प** तथा भोटेकोशी नदीमा विभिन्न समयमा आएका बाढीका घटनाबाट प्राप्त अनुभव र सिकाइलाई विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजनामा समावेश गरिनेछ। प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना )School Safety Plan) तयार गरी नियमित रूपमा पुनरावलोकन गरिनेछ। साथै भूकम्प, बाढी, पहिरो, आगलागी तथा अन्य सम्भावित विपद्सम्बन्धी कृत्रिम अभ्यास )Mock Drill), खोज तथा उद्धार, प्राथमिक उपचार र आपत्कालीन व्यवस्थापनसम्बन्धी तालिम शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई नियमित रूपमा प्रदान गरिनेछ।

विद्यालयको स्थानीय पाठ्यक्रम तथा सहपाठ्य गतिविधिहरूमा विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, जलवायु अनुकूलन, जलवायु उत्थानशीलता, वातावरण संरक्षण तथा दिगो विकाससम्बन्धी विषयवस्तु समावेश गरिनेछ। विद्यार्थीलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी वृक्षारोपण, सरसफाइ अभियान, फोहोर व्यवस्थापन, वर्षाको पानी संकलन, ऊर्जा संरक्षण, जैविक विविधता संरक्षण तथा वातावरणमैत्री व्यवहारजस्ता कार्यक्रममार्फत व्यवहारिक सिकाइ प्रदान गरिनेछ।

जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का प्रभावलाई मध्यनजर गर्दै विद्यालय भवन तथा अन्य शैक्षिक पूर्वाधारलाई क्रमशः **विपद् प्रतिरोधी )Disaster Resilient)** र **जलवायु उत्थानशील )Climate Resilient)** बनाइनेछ। विद्यालय परिसरमा सुरक्षित खुला स्थान, आपत्कालीन उद्धार सामग्री, प्राथमिक उपचार कक्ष, सुरक्षित खानेपानी, सरसफाइ सुविधा तथा अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था गरिनेछ, ताकि विपद्को समयमा पनि विद्यालय सुरक्षित रूपमा सञ्चालन गर्न सकियोस्।

आपत्कालीन अवस्था वा विपद्का कारण विद्यालय सञ्चालनमा अवरोध आएमा बालबालिकाको सिकाइलाई निरन्तरता दिन वैकल्पिक शिक्षण प्रणालीको विकास गरिनेछ। आवश्यकताअनुसार अस्थायी सिकाइ केन्द्र, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, रेडियो, अनलाइन तथा अन्य उपयुक्त माध्यमको प्रयोग गरी शिक्षण–सिकाइलाई निरन्तरता दिइनेछ। साथै विद्यार्थीको मनोसामाजिक सहयोग तथा परामर्श सेवामा पनि विशेष ध्यान दिइनेछ।

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई प्रभावकारी बनाउन वडा कार्यालय, नगरपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक संस्था तथा अन्य विकास साझेदारबीच प्रभावकारी समन्वय र सहकार्य कायम गरिनेछ। विद्यालयस्तरमा विपद् व्यवस्थापन समिति गठन गरी नियमित अनुगमन, मूल्याङ्कन तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

यसका अतिरिक्त **हरित विद्यालय अभियान** लाई थप प्रभावकारी बनाउँदै विद्यालय परिसरमा वृक्षारोपण, जैविक विविधता संरक्षण, प्लास्टिक न्यूनीकरण, पुनःप्रयोग तथा पुनर्चक्रण, ऊर्जा मितव्ययिता, सौर्य ऊर्जाको प्रयोग तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ। यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाका विद्यालयहरूलाई सुरक्षित, समावेशी, वातावरणमैत्री, विपद् प्रतिरोधी तथा **जलवायु उत्थानशील विद्यालय** का रूपमा विकास गर्ने लक्ष्य हासिल गरिनेछ।

## ४५ उपलब्धि.५., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (कउपलब्धि (

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाका सबै विद्यालयहरू क्रमशः सुरक्षित, समावेशी, विपद् प्रतिरोधी तथा **जलवायु उत्थानशील विद्यालय** का रूपमा विकास भएका हुनेछन्। विद्यालयमा अध्ययनरत प्रत्येक बालबालिकाले भूकम्प, बाढी, पहिरो, महामारी वा अन्य आपत्कालीन अवस्थाका बीच पनि सुरक्षित वातावरणमा निरन्तर शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुनेछ। **२०७१ सालको जुरे पहिरो**, **२०७२ सालको भूकम्प** तथा भोटेकोशी नदीमा आउने बाढीबाट प्राप्त अनुभव र सिकाइलाई विद्यालय व्यवस्थापन प्रणालीमा संस्थागत गरिएकाले भविष्यमा यस्ता विपद्को प्रभाव न्यूनीकरण गर्न विद्यालयहरू थप सक्षम भएका हुनेछन्।

यस योजनाको कार्यान्वयनपछि शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायमा विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, जलवायु अनुकूलन तथा जलवायु उत्थानशीलतासम्बन्धी ज्ञान, सीप, सकारात्मक सोच र व्यवहारमा उल्लेखनीय अभिवृद्धि भएको हुनेछ। विद्यालयमा वृक्षारोपण, हरित विद्यालय अभियान, फोहोर व्यवस्थापन, पानी तथा ऊर्जा संरक्षण, वातावरणमैत्री अभ्यास तथा दिगो विकाससम्बन्धी गतिविधि नियमित रूपमा सञ्चालन भई वातावरण संरक्षणप्रति उत्तरदायी नागरिक निर्माणमा योगदान पुगेको हुनेछ।

### (खनतिजा (

यस योजनाको कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाका सबै विद्यालयमा विद्यालय सुरक्षा योजना, विपद् व्यवस्थापन योजना तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्ययोजना प्रभावकारी रूपमा लागू भएका हुनेछन्। विद्यालयका शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू विपद् पूर्वतयारी, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालीन प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी आवश्यक ज्ञान र सीपले सक्षम भएका हुनेछन्।

विद्यालयका भौतिक पूर्वाधार क्रमशः विपद् प्रतिरोधी तथा जलवायु उत्थानशील बन्दै जानेछन्। सुरक्षित भवन, खुला स्थान, खानेपानी, सरसफाइ, प्रारम्भिक चेतावनी प्रणाली तथा आवश्यक उद्धार सामग्रीको व्यवस्थाले विद्यालयमा हुने सम्भावित जोखिम न्यूनीकरण भएको हुनेछ। विपद् वा

महामारीका समयमा पनि वैकल्पिक सिकाइ प्रणाली, सूचना तथा सञ्चार प्रविधि तथा अन्य उपयुक्त माध्यमको प्रयोगमार्फत शिक्षण–सिकाइ प्रक्रियालाई निरन्तरता दिने प्रणाली स्थापित भएको हुनेछ।

जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण तथा अनुकूलन गर्न विद्यालय, समुदाय र स्थानीय सरकारबीच प्रभावकारी समन्वय र सहकार्यको विकास भएको हुनेछ। विद्यालयमा सञ्चालन हुने वातावरण संरक्षण, वृक्षारोपण, फोहोर व्यवस्थापन, पानी संरक्षण, ऊर्जा मितव्ययिता तथा हरित विद्यालय अभियानका कार्यक्रममार्फत विद्यार्थीमा वातावरणप्रतिको जिम्मेवारी, नेतृत्व क्षमता तथा दिगो जीवनशैलीको विकास भएको हुनेछ। यसका साथै विद्यालयहरूले स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनसम्बन्धी सचेतना फैलाउने केन्द्र )Learning Hub) का रूपमा समेत भूमिका निर्वाह गर्ने अवस्था सिर्जना भएको हुनेछ।

### (गप्रमुख क्रियाकलाप तथा लक्ष्य (

यस योजनाअन्तर्गत नगरपालिकाका सबै विद्यालयमा विद्यालय सुरक्षा योजना तयार गर्ने तथा प्रत्येक वर्ष अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, जलवायु अनुकूलन तथा जलवायु उत्थानशील शिक्षासम्बन्धी नियमित तालिम प्रदान गरिनेछ। भूकम्प, बाढी, पहिरो, आगलागी तथा अन्य सम्भावित विपद्सम्बन्धी कृत्रिम अभ्यास )Mock Drill) नियमित सञ्चालन गरिनेछ।

त्यसैगरी विद्यालयहरूमा वृक्षारोपण, हरित विद्यालय अभियान, फोहोर व्यवस्थापन, वर्षाको पानी संकलन, ऊर्जा संरक्षण, सरसफाइ, वातावरण संरक्षण तथा दिगो विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। जोखिमयुक्त विद्यालय भवनको क्रमिक रूपमा स्तरोन्नति तथा विपद् प्रतिरोधी पूर्वाधार निर्माण गरिनेछ। विद्यालयमा आवश्यक प्राथमिक उपचार सामग्री, आपत्कालीन उद्धार सामग्री तथा प्रारम्भिक चेतावनी प्रणालीको व्यवस्था गरिनेछ।

यस योजनाको दीर्घकालीन लक्ष्य बाह्रविसे नगरपालिकाका सबै विद्यालयलाई **सुरक्षित, समावेशी, वातावरणमैत्री, विपद् प्रतिरोधी तथा जलवायु उत्थानशील विद्यालय** का रूपमा विकास गर्नु हो। साथै विद्यालय, समुदाय र स्थानीय सरकारबीचको सहकार्यलाई सुदृढ बनाउँदै भविष्यमा आउने प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका चुनौतीहरूको प्रभावकारी सामना गर्न सक्ने सक्षम, जिम्मेवार र दिगो विकासप्रति प्रतिबद्ध नागरिक तयार गर्नु यस योजनाको प्रमुख लक्ष्य हुनेछ।

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ। विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन्, जसले शिक्षण-सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । भवन/ कक्षाकोठा, फर्निचर, शौचालय सुविधा, पिउने पानी, खेल मैदान, खेल सामाग्री, सुरक्षित घेरबार, पार्क/बगैंचा, पुस्तकालय, विषयगत प्रयोगशाला, प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पुर्वाधारहरू अन्तर्गत पर्दछन । विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित , बालमैत्री र हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

विगतमा यस क्षेत्रमा आएको विनासकारी भुकम्प पश्चात गरिएको विद्यालयहरूको पुनर्निमाणले भौतिक पुर्वाधारको विकासमा राम्रो फड्को मारेको छ । यहाँका विद्यालयहरू प्राय: पक्की भवनमा सञ्चालनमा र कक्षाकोठाहरू राम्रो अवस्थामा रहेका छन् । पुराना केही भवन तथा कक्षाकोठाहरूको मर्मत गरी कक्षा सञ्चालन गर्नु पर्ने अवस्था पनि रहेको छ । फर्निचरको अवस्था राम्रो छ, जसले विद्यार्थीहरूको अध्ययन वातावरणलाई सहज बनाइ रहेको छ । स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्रायः सबै विद्यालयमा उपलब्ध छ । सबै विद्यालयमा बिजुली र इन्टरनेटको सुविधा छ, जसले विद्यार्थीहरूलाई डिजिटल शिक्षामा पहुँच पुर्याइ रहेको छ। खेलमैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि पर्याप्त स्थलहरूको व्यवस्था छ ।

यस बाह्रविसे नगरपालिका अन्तर्गतका जम्मा ४८ विद्यालय र ३७ वटा बालविकास केन्द्रहरूमा जम्मा ४३८ वटा कोठाहरू रहेका छन् तीमध्ये ३६० वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएका छन् भने प्रअ तथा स्टाफ कक्षाका रूपमा ४८ पुस्तकालयका रूपमा १५ विज्ञान प्रयोगशालाका रूपमा ६ र ICT प्रयोगशालाका लागि ९ गरी जम्मा ४३८ कक्षाहरू उपयोग भइरहेका छन । कतिपय विद्यालयहरूमा कक्षाकोठा र अन्य कामकाजको लागि आवश्यक पर्ने कोठाहरूको लागि विद्यमान भौतिक संरचना अझै पर्याप्त नरहेको देखिन्छ । नगरपालिका भित्रका विद्यालयहरूको मर्मत गर्नु पर्ने कक्षा कोठाहरूको सख्या २० रहेकोले व्यवस्थित तरिकाले ति कक्षाकोठाहरूको मर्मतसम्भार गर्नुपर्ने आवश्यकता रहेको छ । विद्यार्थीहरूको वसाइ लागि पर्याप्त वेन्च तथा सोही अनुपातमा डेस्कहरूको

व्यवस्थापन गरिएको छ ।  यस नगरपालिकामा WASH सहितको सुविधा भएको शौचालय ३१, अपाङ्ग मैत्री शौचालय ७ वटा रहेकोमा १० वटा आधारभूत विद्यालयमा शौचालय भए पनि व्यवस्थित छैन । त्यसै गरी ११ विद्यालयमा खानेपानी,२१ वटा विद्यालयमा घेरवार,१४ वटा विद्यालयमा  खेलकुद मैदान, ४१ विद्यालयमा बालमैत्री धारा नभएको अवस्था छ । नगरपालिका स्थित विद्यालयहरूमध्ये २९ वटामा वुक कर्नर रहेकोमा १९ वटा विद्यालयमा कुनै पनि वुक कर्नर छैन । यसरी हेर्दा सबै विद्यालय र सबै कक्षामा वुक कर्नरको व्यवस्था गरिदा १९ वटा वुक कर्नरहरूको आवश्यकता पर्ने देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खेलकूद कक्षा, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार, कसले कसरी लिने भन्ने विषय स्पष्ट हुनुपर्ने देखिन्छ ।

### ४.६.३ अवसर र चुनौती

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् ।

- जोखिमरहित तथा सुविधायुक्त भौतिक पूर्वाधार विकासमा मापदण्ड र गुरुयोजना निर्माण ।
- पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, लैङगिकमैत्री र सूचना सञ्चार प्रविधिको संरचना सहित निर्माण गर्नु ।
- पूर्वाधार विकास र विस्तार गर्दा पारदर्शी, जवाफदेहि तथा गुणस्तरीय बनाउनु ।
- आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
- निरन्तर नियमन, अनुगमन, नियन्त्रण र मूल्याङकन गर्नु ।

### ४.६.४ उदेश्य

- पूर्वाधार विकासमा नीतिगत व्यवस्था अनुरुपको सुरक्षित जोखिमरहित, मापदण्ड अनुसारका संरचना सहित पूर्वाधार विकास गर्ने ।
- शिक्षण सिकाई क्रियाकलाप अनुकुल हुने गरी वालमैत्री, अपाङगमैत्री, लैङगिकमैत्री आधारभूत सुविधासहितको  पूर्वाधार विकास गर्ने ।

### ४.६.५ रणनीतिहरू

- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यव्थापन गरी मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने ।

- अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतसम्भार गर्ने ।
- नगरपालिकाले विद्यालयको गुरुयोजना तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने ।
- पूर्वाधार निर्माण गर्न आवश्यक स्रोत साधनको व्यावस्थापन गर्न सम्वन्धित निकाय वा संघसस्थाहरुसंग साझदारी गर्ने।
- भौतिक पूर्वाधार जोखिमको मूल्याङकन गरी जोखिमलाई हटाउने तथ मर्मत सम्भार गर्ने।
- विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरि कार्यन्वयन गर्ने।
- सुरक्षित मापदण्डअनुसारका ICT संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माणमा ध्यान दिइने
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने ।

### ४.६.६ उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलापहरु

**उपलब्धि**

जेखिमरहित सुरक्षित र न्युनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरि प्रभावकारी सिकाई क्रियाकलापको वातावरण तयार हुने ।

**नतिजा**

- जेखिमरहित तथा न्यूनतम सुविधायुक्त भौतिक पूर्वाधार विकासका लागि १० वर्षे गुरुयोजना र मापदण्ड तयार हुने ।
- सबै विद्यालयमा आवश्यक भौतक पूर्वाधार निर्माण भएको हुने ।
- विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास हुने।
- विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि, मापदण्ड र प्रभावकारिता को सूचक तयार गर्ने।
- सबै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला कप्यूटर ल्याब, पुस्तकालय, अध्ययन कक्ष , चमेना गृह, बालउद्यान, स्वच्छ पिउने पानी उपलब्ध हुने।
- भौतिक पूर्वाधार विकासको स्रोत व्यवस्थापनका लागि सम्वन्धित निकाय , संघसंस्था , अभिभावक आदिसँग सहकार्य गरिने ।

## ४ ७. शिक्षामा सूचना र प्रविधि

### ४. ७.१ परिचय

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) ले शिक्षाको गुणस्तर सुधार गर्न र विद्यार्थीहरूलाई आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ। विद्यालयहरूमा ICT को प्रयोगलाई बढावा दिन विविध पहलहरू भई रहेका छन। विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, र शैक्षिक सफ्टवेयरको उपलब्धता बढ्दै गएको छ, जसले विद्यार्थीहरूको सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ । ICT को प्रयोगले विद्यार्थीहरूलाई इन्टरनेटमार्फत विश्वभरको जानकारी हासिल गर्न र उनीहरूको ज्ञानको क्षितिज विस्तार गर्न सहयोग पुऱ्याएको छ। साथै, शिक्षकहरूलाई पनि नयाँ नयाँ शिक्षण विधिहरू अपनाउन र धारणात्मक शिक्षण शैलीमा जोड दिन प्रेरित गरेको छ। शिक्षा क्षेत्रमा ICT को पहुँच विस्तार गर्न विशेष कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । डिजिटल शिक्षण सामग्रीको प्रयोग, अनलाइन पाठ्यक्रमहरू, र भर्चुअल कक्षा सञ्चालनले शिक्षामा नयाँ आयामहरू थपेको छ । यसरी ICT को परिचयले नेपाली शिक्षामा आधुनिकता ल्याई विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ४.७.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयका शिक्षकहरूको सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ तालिम सञ्चालन, ICT ल्याब स्थापना, सिसि टिभी क्यामरा जडान भई विद्यार्थी तथा शिक्षकहरूको सकारात्मक गतिविधिको शुरुवात, परीक्षा अनुगमनमा सहजता र पठनपाठनमा प्रभावकारिता आएको तथा शिक्षकको नियमितता तथा समय व्यवस्थापन (Time Management) प्रभावकारी भइरहेकोले, सबै विद्यालयहरू इन्टरनेटको उपलब्धताले सूचना प्रविधि प्रयोगशाला सञ्चालनमा सहजता आई प्रभावकारी शिक्षण सिकाइको व्यवस्था भएको, शिक्षण सिकाइको coverage बढेको , Smart board को प्रयोगले धारणात्मक शिक्षण सिकाइमा सहज, नयाँ प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धिमा सहयोग पुगि रहेको भएता पनि ICT को क्षेत्रमा धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकाभित्रका ९ वटा विद्यालयमा ICT ल्याब, ४ वटा विद्यालयमा सि सि क्यामेरा जडान, अधिकांश विद्यालयमा कम्प्युटर र १६ वटा विद्यालयमा प्रोजेक्टर रहेको भएता पनि अधिकांश विद्यालयहरू सूचना तथा संचार प्रविधिमा धेरै पछाडी परेका छन। नगरपालिकाबाट भए गरेका शैक्षिक क्रियाकलाप, जस्तै कक्षा ८ को परीक्षा संचालन, परीक्षाफल प्रकाशन तथा सूचनाहरू पालिकाको वेभसाइट मार्फत प्रकाशित हुने गरेका छन् तर विद्यालयहरूमा भने सूचना प्रविधिको माध्यमबाट शैक्षिक क्रियाकलाप सञ्चालन भएको खासै पाइदैन । स्रोत साधनको अभाव, ICT प्रयोगको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षकहरूलाई तालिमको अभाव जस्ता सूचना तथा सञ्चार प्रविधि सँग सम्बन्धित विद्यमान समस्या रहेका छन् भने

कक्षाकोठामा बिषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु, दक्ष जनशक्तिको विकास,सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु, अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु,ICT को पूर्वाधार विकास गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु जस्ता कार्यहरू चुनौतिको रुपमा रहेका छन ।

### ४.७.३ अवसर र चुनौतिहरु

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ

१. नगरपालिका स्तरीय Education e-portal centre, Digital Lab / e-Library स्थापना गर्नु ।
२. सबै विद्यालयहरुमा ICT को पूर्वाधार निमार्ण गर्न र ICT सामग्री वितरण गर्न स्रोतको रहेको ।

### ४.७.४ उद्देश्यहरु

- सूचना तथा प्रविधिको प्रयोगमा बढावा दिँदै education e-portal centre, Digital Lab / e-Library को माध्यमबाट शिक्षालाई गुणस्तरीय समतापूर्ण, सबैको पहुँचमा पुर्याउने सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण पुऱ्याउनु ।
- सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.५ रणनीतिहरु

- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ ।
- स्वसिकाइ, मेन्टरिङ् र तालिमसमेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गरिनेछ ।
- लागत साझेदारीसमेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापन समेतमा सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ ।
- सरकारी, गैर सरकारी तथा विभिन्न संघसंस्था समेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
- पलिका तथा विद्यालय स्तरीय दुवैले नीति तथा दश वर्षे गुरुयोजना तयार गरी कार्यन्वयन गरिनेछ ।
- पालिका स्तरीय education e-portal centre निमार्ण गरिनेछ ।
- ICT का आधारभूत संरचना निमार्ण गर्न तिनओटै सरकार र सम्बन्धित संघसंस्थासँग सहकार्य गरी स्रोतसाधनको व्यवस्था गरिनेछ ।
- विद्यालयको एकिकृत लेखापालन सफ्टवेयर सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निर्माण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिनेछ ।
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधीको प्रयोगको प्रभावकारिता र उपलब्धताको निरन्तर अनुगमन तथा मूल्याङकन गरिनेछ ।
- सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको विकास गरिनेछ ।
- सबै विद्यालयमा स्मार्ट कक्षा निमार्ण गरी अन्तरक्रियात्मक डिजिटल सामग्री स्थापना गर्दै गणित ,विज्ञान प्रयोगशालामा अनिवार्य सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने र अन्य विषयको लागि आवश्यकअनुरुप प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको आधारभूत पूर्वाधारहरु निर्माण गरी न्यूनतम सामग्रीसमेत वितरण गरीने छ ।

### ४.७.६ उपलब्धि क्रियाकलाप तथा लक्ष्य

उपलब्धि

- विद्यालयको शिक्षण सिकाइमा ICT लाई वैकल्पिक माध्यमको रुपमा विस्तार गर्नुका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन कायम हुने र विद्यार्थी अभिभावकसमेत साधारण डिजिटल साक्षरता हुने ।

नतिजा

- नगरपालिका र विद्यालयस्तरमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति तथा गुरुयोजना निर्माण भएको हुने ।

- नगरपालिका स्तरीय education e-portal centre मार्फत शैक्षिक सामग्री निमार्ण वितरण र प्रसार गरिएको हुने ।
- लिडर विद्यालयमा सुचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्रको स्थापना भएको हुने ।
- विद्यालयको लेखापालन र कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षक तालिम प्राप्त भएको हुने ।
- प्रत्येक विद्यालय प्रविधिको पूर्वाधारसहित न्यूनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने ।
- प्रत्येक विद्यालयमा आधुनिक सुविधासम्पन्न गणित,विज्ञान,कम्प्युटर प्रयोगशालाहरु निमार्ण भएको हुने ।

## परिच्छेद ५ सुशासन तथा व्यवस्थापन

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापन भन्नाले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

### ५.१.१ वर्तमान अवस्था

हालको संघीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेश, स्थानीय तहमा तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरु रहेका छन् । संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् ।

आजसम्म ५३ वर्ष अगाडी बनेको शिक्षा ऐन २०२८ कार्यान्वयनमा रहेको छ । यसले २१ औं शताब्दीको सूचना र प्रविधिको युगलाई सम्बोधन गर्न नसकेको देखिन्छ । संघीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा विभिन्न खाले समस्याहरु झेल्नुपरेको अवस्था छ । वर्तमान समय र परिस्थिति अनुसार आजको समयको मागलाई सम्बोधन गर्ने गरि वैज्ञानिक र सीपमूलक शिक्षा सुनिश्चितताको लागि तत्काल नयाँ शिक्षा ऐन जारी गर्नुपर्ने आवश्यकता रहेको छ । प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोत केन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधिमा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालय रहेका छन् । संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम नगरपालिकाको शिक्षा शाखा, नगरस्तरीय परीक्षा समिति मार्फत सहजीकरण हुने गरेको छ ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरु बीच प्रभावकारी रुपमा समन्वय हुन नसक्नु, कानून निर्माणमा ढिलाइ हुनु जस्ता कारणले स्थानीय स्तरमा पनि यसको प्रभाव रहेको पाइन्छ ।

- लेखापरीक्षण, सार्वजनिक सुनुवाई समयमै भएको तथा आर्थिक पारदर्शिता भएको
- नगरपालिका लगायतका निकायबाट नियमित अनुगमन भएको ।
- विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध कायम भएको ।
- सूचना तथा संचार प्रविधिको प्रयोग हुन नसकि सुशासन तथा व्यवस्थापन कमजोर भएको ।

### ५.१.२ उद्देश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु ।
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु ।
- प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु ।

### ५.१. ३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
- कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।
- शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने ।
- वित्तिय सुशासनका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने ।
- विद्यालय तथा नगरपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिबृद्धि भई विद्यालय सञ्चालनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जबाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुने ।

**नतिजा**

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने ।
- सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुने ।

- कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुने ।

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको आठ वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१ बर्तमान अवस्था

अनुभव तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै नगर प्रमुखको अध्यक्षतामा रहेको नगर शिक्षा समितिबाट आवश्यक समीक्षा हुने गर्दछ । नगरपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा नगरभित्र रहेका विद्यालयहरूको अनुगमन र मूल्याङ्कन भइरहेको छ । अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सोको आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाइ शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याउने प्रबन्ध गरिएको छ । एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै नगरपालिकाको शैक्षिक चित्र निर्माण भएको छ । हाल आएर स्रोत केन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र नगर शिक्षा योजनामा आवश्यक मानव स्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मूल्याङ्कन कार्यमा केही राम्रा अवसरहरुको साथमा चुनौतीहरु रहेका छन् ।

### ५.२ . २ . उद्देश्य

- शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु ।

- नगरपालिका क्षेत्र भित्र रहेका शिक्षासँग सम्बन्धित संस्थागत संरचनाहरुको सुदृढीकरण गर्नु ।
- शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु ।
- कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु ।

### ५.२ .३ रणनीति

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति, निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ बनाइ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२ ४. प्रमुख उपलब्धि र नतिजा

**प्रमुख उपलब्धि**

पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि भएको हुने

**नतिजा**

- योजना कार्यानव्यन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन् भएको हुने
- अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङ्‌्कन भएको हुने
- कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी भएको हुने
- समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने

## परिच्छेद ६. लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रम को प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गरिएको छ। स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुनसक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गरियको
छ।

## दश वर्षे योजनाका लागि प्रस्तावित बजेट

| क्र.सं. | क्षेत्र | 2081/82 | 2082/83 | 2083/84 | 2084/85 | 2085/86 | 2086/87 -2090/91 | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | प्रारम्भिक बाल शिक्षा | 2026616 | 3189841 | 6234295 | 6050933 | 6107484 | 19377540 | 42986709 |
| 2 | आधारभूत शिक्षा | 4391000 | 6911323 | 13507639 | 13110356 | 13232883 | 41984670 | 93137872 |
| 3 | माध्यमिक शिक्षा | 3377693 | 5316402 | 10390492 | 10084889 | 10179140 | 32295900 | 71644516 |
| 4 | उच्च शिक्षा | 1013308 | 1594921 | 3117148 | 3025467 | 3053742 | 9688770 | 21493355 |
| 5 | प्राविधिक तथा व्यावसायिक शिक्षा | 1013308 | 1594921 | 3117148 | 3025467 | 3053742 | 9688770 | 21493355 |
| 6 | अनौपचारिक शिक्षा | 675539 | 1063280 | 2078098 | 2016978 | 2035828 | 6459180 | 14328903 |
| 7 | पाठ्यक्रम तथा पाठ्यसामग्री | 1351077 | 2126561 | 4156197 | 4033956 | 4071656 | 12918360 | 28657806 |
| 8 | शिक्षक व्यवस्थापन र विकास | 1688846 | 2658201 | 5195246 | 5042445 | 5089570 | 16147950 | 35822258 |
| 9 | गुणस्तरीय शिक्षा | 2026616 | 3189841 | 6234295 | 6050933 | 6107484 | 19377540 | 42986709 |
| 10 | दूर तथा खुला शिक्षा | 675539 | 1063280 | 2078098 | 2016978 | 2035828 | 6459180 | 14328903 |
| 11 | सूचना प्रविधि | 2026616 | 3189841 | 6234295 | 6050933 | 6107484 | 19377540 | 42986709 |
| 12 | समावेशी शिक्षा | 1013308 | 1594921 | 3117148 | 3025467 | 3053742 | 9688770 | 21493355 |
| 13 | स्वास्थ्य, पोषण र सरसफाइ | 1013308 | 1594921 | 3117148 | 3025467 | 3053742 | 9688770 | 21493355 |
| 14 | विपद् व्यवस्थापन | 1013308 | 1594921 | 3117148 | 3025467 | 3053742 | 9688770 | 21493355 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 15 | सामुदायिक विद्यालय सबलीकरण | 2026616 | 3189841 | 6234295 | 6050933 | 6107484 | 19377540 | 42986709 |
| 16 | संस्थागत क्षमता | 1688846 | 2658201 | 5195246 | 5042445 | 5089570 | 16147950 | 35822258 |
| 17 | अनुगमन तथा | 1351077 | 2126561 | 4156197 | 4033956 | 4071656 | 12918360 | 28657806 |
| 18 | भौतिक मर्मत तथा यातायात | 4728770 | 7442963 | 14546689 | 14118845 | 14250797 | 45214260 | 100302322 |
| 19 | अन्य | 675539 | 1063280 | 2078098 | 2016978 | 2035828 | 6459180 | 14328903 |
| | कुल जम्मा | **33776925** | **53164020** | **103904918** | **100848892** | **101791405** | **322959000** | **716445159** |

# बाह्रविसे नगरपालिका स्थानीय शिक्षा योजना (२०८१-९१)

# प्रस्तावित बजेट तथा जिम्मेवार निकाय

| आ.व. | कुल प्रस्तावित बजेट | जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | साझेदारी संस्था |
| **2081/2082** | 33776925 | 19810000 | 4977500 | 6708175 | 2281250 |
| **2082/2083** | 53164020.5 | 32268266 | 7616067 | 9357812.5 | 3921875 |
| **2083/2084** | 103904918 | 63714199.25 | 14705875 | 17907343.75 | 7577500 |
| **2084/2085** | 100848892 | 62715827 | 12577205.6 | 17592421.88 | 7963437.5 |
| **2085/2086** | 101791404 | 61341607 | 14593937.6 | 17892421.88 | 7963437.5 |
| **2086/87-2091/92** | 322959000 | 194350000 | 46462500 | 57953125 | 24193375 |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | 716445159.5 | 434199899.3 | 100933085.2 | 127411300 | 53900875 |

## ६.१.वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति भएको देखिन्छ । यस बाह्रविसे नगरपालिकाले पनि शिक्षा क्षेत्रमा आफ्नो कुल बजेटको उल्लेख्य अंश लगानी गरेको छ । यसरी सबैको धारणा लगानी बढाउने कुरामा एकमत हुनुलाई लगानी वृद्धि गर्ने महत्वपूर्ण आधार मान्न सकिन्छ ।

यस गाउँपालिकाले शिक्षातर्फको बजेट अपेक्षाअनुसार खर्च गर्न सकेको छैन । स्थानीय सरकार, सरोकारवालाहरु, प्रध्यानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरु सबैको समन्वयमा बजेट कार्यान्वयन गरि शिक्षाको समग्र गुणस्तर सुधारमा लाग्नुपर्ने देखिन्छ । प्रदेश तथा संघीय सरकारमा विशेष पहल गरि अनुदानका कार्यक्रमहरु भित्र्याउनुपर्ने देखिन्छ ।

## ६.२ उद्देश्य

(क) शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

(ख) योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

(ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.३ रणनीति

(क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।

(ख) विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।

(ग) वार्षिक रूपमा कुल बजेटको ........ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।

(घ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।

(ङ) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।

(च) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

(छ) लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.४ प्रमुख उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## परिच्छेद ७ अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

अनुभव तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै नगर प्रमुखको अध्यक्षतामा रहेको नगर शिक्षा समितिबाट आवश्यक समीक्षा हुने गर्दछ । नगरपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा नगर भित्र रहेका सामुदायिक निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्याङ्कन भइरहेको छ । अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाइ शिक्षा, विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याउने प्रबन्ध गरिएको छ ।

नगरपालिकामा विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरूको व्यवस्थापन गर्न एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लागु गरिएको छ । विद्यालयहरुमा स्रोत केन्द्र, स्रोत व्यक्ति तथा नगर शिक्षा योजनामा आवश्यक मानव स्रोत व्यवस्थापन हुन नसक्नु जस्ता पक्षहरु यहाँका चुनौतिको रुपमा देखा परेका छन् ।

## ७.२ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक प्रणाली विकास गर्नु ।
- नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- अनुगमन तथा मुल्याङ्कन प्रणालीलाइ चुस्त र निस्पक्ष बनाउनु
- शिक्षा योजना कार्यान्वयनको क्रममा देखिएका समस्याहलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्ने

## ७.३ रणनीति

- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने ।
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
- अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने ।
- नगरपालिकामा नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरिनेछ ।

- नगर शिक्षा समिति तथा वडा शिक्षा समितिहरूलाई सूचक तथा माप दण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिनेछ ।
- सरकारी तथा गैह्र सरकारी निकायहरू विच समन्वय गरी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

एकीकृत प्रणाली मार्फत अनुगमन र मूल्याङ्कन भई शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन भएको हुने ।

**नतिजा**

(क) अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुनेछ ।

(ख) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

(ग) योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

(घ) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

(ङ) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

# अनुसूची १

# नगर शिक्षा योजना निर्माण मूल समिति

| क्र.स. | नाम | पद | आबद्ध निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तोयानाथ नेपाल | अध्यक्ष | बाह्रविसे नगरपालिका | |
| २ | श्री शेखर बहादुर भण्डारी | सदस्य | सामाजिक विकास समिति संयोजक | |
| ३ | श्री बासु पौड्याल | सदस्य | सदस्य- नगर शिक्षा समिति | |
| ४ | श्री भुपेन्द्र बिक्रम थापा | सदस्य | सदस्य- नगर शिक्षा समिति | |
| ५ | श्री मैना कार्की | सदस्य | सदस्य- नगर शिक्षा समिति | |
| ६ | श्री प्रकाश थापा | सदस्य | श्री क्षमादेवी मा.वि. (शिक्षक) | |
| ७ | श्री रोहित भट्ट | सदस्य सचिव | बाह्रविसे नगरपालिका (शिक्षा अधिकृत) | |

**<u>सल्लाहकार समिति</u>**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | श्री बालकृष्ण बस्नेत | नगर प्रमुख |

| | | |
|---|---|---|
| २ | श्री मञ्जु तामाङ | नगर उपप्रमुख |
| ३ | श्री गणेश नेपाली | प्रमुख प्रशासकीय अधिकृत |

**प्राविधिक सहयोग**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | श्री सुदिप पराजुली | प्राविधिक सहायक |
| २ | श्री रोशन श्रेष्ठ | शिक्षक/कम्प्युटर प्राविधिक |
| ३ | श्री दामोदर पन्थी | आर्थिक प्रशासन शाखा प्रमुख |

# अनुसूची २

# नगर अन्तर्गतका विद्यालयहरूको विवरण

| क्र.स. | विद्यालयको नाम | प्र.अ. को नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री भुमेश्ववरी आ.वि. | श्री साङ्गे शेर्पा | 9843780126 |
| २ | श्री दोलङ्सा आ.वि. | श्री गायत्री खतिवडा | 9849657856 |
| ३ | श्री सुन्दरीदेवी आ. वि. | श्री अमृत थापामगर | 9843530970 |
| ४ | श्री नेपाल राष्ट्रिय मा.वि. | श्री ठाकुर थापा | 9849471076 |
| ५ | श्री सुनकोशी मा.वि. | श्री हरि वुढाथोकी | 9841559320 |
| ६ | श्री कमलादेवी आ.वि., | श्री राधा न्यौपाने | 9860493108 |

| | | | |
|---|---|---|---|
| ७ | श्री ईश्वरीमाला आ.वि. | श्री  गान्वा वि क | **9843574565** |
| ८ | श्री सेतिदेवी आ. वि. | श्री सरस्वती पराजुली | **9843526595** |
| ९ | श्री मंगलादेवीजनजागृती आ.वि. | श्री बमबहादुर तामाङ | **9851103891** |
| १० | श्री क्षेमादेवी मा.वि. | प्रकाश थापा | **9851192683** |
| ११ | श्री नारायण आ.वि. | श्री रत्न बहादुर बस्नेत | **9866016154** |
| १२ | श्री वागेश्वरी आ.वि. | श्री लक्ष्मी पौडेल | **9843010613** |
| १३ | श्री गणेश आ.वि. | श्री दिनेश पौडेल | **9848837979** |
| १४ | श्री बाह्रदेवी आ.वि. | श्री शहदेव बस्नेत | **9810152590** |
| १५ | श्री शारदा मा.वि. | श्री निलप्रसाद सुवेदी | **9841437854** |
| १६ | श्री नमुना सुनखानी आ.वि. | श्री नारायणबहादुर भण्डारी | **9761184960** |
| १७ | श्री महाकाली आ.वि. | श्री जानुका राउत | **9748299655** |
| १८ | श्री खडादेवी आ.वि. | श्री तेज बहादुर बूस्नेत | **9768539255** |
| १९ | श्री सिंगार्चे मा.वि. | श्री ईश्वर तामाङ | **9860237798** |
| २० | श्री नमूना सिमसार आ.वि. | श्री निरोज श्रेष्ठ | **9864464500** |
| २१ | श्री कालिदेवी मा.वि. | श्री कृष्णकुमार जैसी | **9849637904** |
| २२ | श्री गोरखनाथ आ.वि. | श्री वाङदी तामाङ | **9848831831** |
| २३ | श्री बालहित आ.वि. | श्री प्रेमकुमार राउत | **9860219868** |
| २४ | श्री सेतीदेवी आ.वि. | श्री हरेराम नेपाल | **9843428329** |
| २५ | श्री दिपज्योती आ.वि. | श्री दिपा श्रेष्ठ | **9849689344** |
| २६ | श्री सरस्वती शंकर मा.वि. | श्री भवती पौडेल | **9849352886** |
| २७ | श्री बच्छलादेवी मा.वि. | श्री विक्रम श्रेष्ठ | **9851100710** |

| | | | |
|---|---|---|---|
| २८ | श्री भद्रकाली आ.वि. | श्री राधा नेपाल | **9849107771** |
| २९ | श्री कालिदेवी आ.वि. | श्री लक्ष्मी नेपाली | **9840783206** |
| ३० | श्री पंचकन्या आ.वि. | श्री रामकृष्ण तामाङ | **9851360879** |
| ३१ | श्री बालकल्याण आ.वि. | श्री कविता कार्की | **9846307638** |
| ३२ | श्री किरातेश्वर आ.वि. | श्री संचवीर तामाङ | **9841972980** |
| ३३ | श्री वासुकीदेवी आ.वि. | श्री रिना कु. लामा | **9862566753** |
| ३४ | श्री सेतिदेवी आ.वि. | श्री दिनेश लुहार | **9868557395** |
| ३५ | श्री भद्रकाली मा.वि. | गणेश दत्त पौैडेल | **9849345836** |
| ३६ | श्री सेतिदेवी प.कं.आ. वि. | श्री श्यामकृष्ण नेपाल | **9849107770** |
| ३७ | श्री जयगोल्मा आ.वि. | श्री निर्मला नेपाल | **9840184141** |
| ३८ | श्री सिताराम आ.वि. | श्री रामचन्द्र पौडेल | **9823683770** |
| ३९ | श्री दुर्गा शक्ति आ.वि. | श्री अच्युत प्रसाद नेपाल | **9851110444** |
| ४० | श्री महाकाली आ.वि. | श्री होम कु पराजुली | **9844834074** |
| ४१ | श्री सेतिदेवी आ.वि. | श्री मिनराज नेपाल | **9860658219** |
| ४२ | श्री सरस्वती मा.वि. | श्री हिरा बहादुर सापकोटा | **9851123974** |
| ४३ | श्री सिन्धुबहिरा आ.वि | श्री मैना कार्की | **9841156880** |
| ४४ | श्री हिमचुली आ.वि. | श्री धनबहादुर कार्की | **9849110046** |
| ४५ | श्री भट्टे आ.वि. | श्री राम बहादुर तामाङ | **9849310386** |
| ४६ | श्री सुर्योदय आ.वि. | श्री शारदा पौडेल | **9843531353** |
| ४७ | श्री केतु इङग्लिस स्कूल | श्री युएल लेप्चा | **9841890704** |
| ४८ | श्री प्राइभेट प्याराडाइज मा.वि. | श्री बालकृष्ण श्रेष्ठ | **9841902050** |

| | | | |
|---|---|---|---|
| ४९ | श्री चण्डेश्वरी मा.वि., | श्री मनोज सिंह | **9841566178** |
| ५० | श्री किस्टोन पब्लिक स्कूल | श्री सुमिना लामा | **9840026063** |

# अनुसूची ३

## नगर शिक्षा समितिका पदाधिकारीहरूको विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री बालकृष्ण बस्नेत | अध्यक्ष | |
| २ | श्री मन्जु तामाङ | सदस्य | |
| ३ | श्री गणेश नेपाली | सदस्य | |
| ४ | श्री शेखर बहादुर भण्डारी | सदस्य | |
| ५ | श्री लेख कुमारी रोक्का | सदस्य | |

| | | | |
|---|---|---|---|
| ६ | श्री भीम बहादुर भण्डारी | सदस्य | |
| ७ | श्री हरिकृष्ण खड्का | सदस्य | |
| ८ | श्री बासु पौड्याल | सदस्य | |
| ९ | श्री हिरा बहादुर सापकोटा | सदस्य | |
| १० | श्री भुपेन्द्र बिक्रम थापा | सदस्य | |
| ११ | श्री श्यामकृष्ण श्रेष्ठ | सदस्य | |
| १२ | श्री युधिर पौडेल | सदस्य | |
| १३ | श्री चित्र वहादुर बस्नेत | सदस्य | |
| १४ | श्री मैना कार्की | सदस्य | |
| १५ | श्री रोहित भट्ट | सदस्य-सचिव | |

## सन्दर्भ सामग्रीहरू


- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५।
- शिक्षा ऐन, २०२८ (संशोधनसहित)।
- शिक्षा नियमावली, २०५९ (संशोधनसहित)।
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan–SESP), २०२२-२०३२, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।
- राष्ट्रिय शिक्षा नीति, २०७६।
- शिक्षाको राष्ट्रिय सोचपत्र, २०७९।
- सोह्रौं योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग।
- दिगो विकास लक्ष्य (Sustainable Development Goals–SDGs), नेपाल सरकार।
- Recovery and Accelerated Learning (ReAL) Plan, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।
- विद्यालय शिक्षामा समता रणनीति, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

- राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय।
- शिक्षा सम्बन्धी वार्षिक तथ्याङ्क प्रतिवेदन (Flash Report), शिक्षा तथा मानव स्रोत विकास केन्द्र।
- पाठ्यक्रम विकास केन्द्र। (२०७६-२०८१)। राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा विभिन्न तहका पाठ्यक्रमहरू।
- शिक्षक सेवा आयोग। शिक्षक व्यवस्थापन सम्बन्धी विभिन्न प्रकाशनहरू।
- बाह्रविसे नगरपालिका। नगर शिक्षा शाखाका अभिलेख तथा तथ्याङ्क।
- बाह्रविसे नगरपालिका। नगर प्रोफाइल, २०८१।
- बाह्रविसे नगरपालिका। आवधिक विकास योजना।
- बाह्रविसे नगरपालिका। वार्षिक नीति, कार्यक्रम तथा बजेट।
- बाह्रविसे नगरपालिका। शिक्षा शाखाबाट प्राप्त विद्यालयगत तथ्याङ्क तथा EMIS विवरण।
- शिक्षा विकास तथा समन्वय इकाइ, सिन्धुपाल्चोक। जिल्लास्तरीय शैक्षिक अभिलेख तथा प्रतिवेदन।
- सामुदायिक तथा संस्थागत विद्यालयबाट प्राप्त विद्यालयगत विवरण, शैक्षिक तथ्याङ्क तथा अभिलेखहरू।
- नगर शिक्षा योजना निर्माणका क्रममा आयोजित सरोकारवालासँगको अन्तरक्रिया, छलफल, कार्यशाला तथा सुझाव सङ्कलनबाट प्राप्त जानकारी।
- पाठ्यक्रम विकास केन्द्र (२०७५), **विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५।**
- राष्ट्रिय योजना आयोग, सोह्रौँ योजना, (२०८१/८२-२०८५/८६)
- राष्ट्रिय योजना आयोग, **प्रन्ध्रौँ योजना** (२०७६/७७-२०८०/८१)
- शिक्षा मन्त्रालय (२०७८), **राष्ट्रिय शिक्षा पद्धति २०७८२०३२ सम्मको योजना-**, लेखकः केशरमहल, काठमाडौं।
- शिक्षा मन्त्रालय २०)७६(, **विद्यालय क्षेत्र सुधार योजना २०६६२०७२-**, लेखकः केशरमहल, काठमाडौं।
- शिक्षा मन्त्रालय (२०७३), **विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३८०/२०७९-७४/**, लेखकः सिंहदरबार, काठमाडौं।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), **राष्ट्रिय शिक्षा नीति २०७६**
- दिगो विकास लक्ष्य (२०३०-२०१५)
- शिक्षक पेशागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ र मार्गदर्शन, २०७७
- Department of Education (2017), **FLASH I Report 2074–2017/18**, Author: M. Sanothimi, Bhaktapur.
- अर्थ मन्त्रालय (२०७१), **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७०२०७१/**, लेखकः सिंहदरबार, काठमाडौं।

- अर्थ मन्त्रालय (२०७२), **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७१२०७२/**, लेखकः सिंहदरबार, काठमाडौं।
- अर्थ मन्त्रालय (२०७४), **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७३२०७४/**, लेखकः सिंहदरबार, काठमाडौं।
- अर्थ मन्त्रालय (२०७५), **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७४२०७५/**, लेखकः सिंहदरबार, काठमाडौं।
- अर्थ मन्त्रालय (२०७६), **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५२०७६/**, लेखकः सिंहदरबार, काठमाडौं।
- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन